लेखापरीक्षण प्रतिवेदन

बरहथवा नगरपालिका, सर्लाही

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

बरहथवा नगरपालिका, सर्लाही

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्योट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८२ वैशाख महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
मधेश प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/211

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री नगर प्रमुखज्यू,
बरहथवा नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
सर्लाही।

कैफियतसहितको राय।

हामीले बरहथवा नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय सञ्चित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणी समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. नगरपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। नगरपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू. २६ करोड ७७ लाख २३ हजार, महामारी रोग नियन्त्रण कार्यक्रमको रू. ५ लाख १२ हजार र एकिकृत स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रू. ५८ लाख २४ हजार समेत गरी रू. २७ करोड ४० लाख ५९ हजार समावेश गरेको छैन।

२. नगरपालिकाको लागि संघीय सरकारबाट सशर्त अनुदान रू.२६ करोड ९४ लाख ३१ हजार, समपूरक अनुदान रू. ६७ लाख ३४ हजार र विशेष अनुदान रू. ७९ लाख ७८ हजार समेत रू.२८ करोड ४१ लाख ४३ हजार प्राप्त भएकोमा बर्षान्तमा खर्च हुन नसकी रू. २ करोड ७८ लाख ४१ हजार बचत रहेकोमा उक्त रकम सोही आर्थिक वर्षमा फिर्ता गरेको छ।

३. नगरपालिकाको लागि प्रदेश सरकारबाट समपूरक अनुदान रू. २० लाख र विशेष अनुदान रू. ३० लाख समेत रू. ५० लाख प्राप्त भएकोमा सबै रकम खर्च गरेको छ।

४. नगरपालिकाको रू. १ अर्ब ९० करोड १९ लाख १४ हजार लेखापरीक्षण गरिएकोमा रू. ६ करोड ७६ लाख २५ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा रू. ८७ लाख ५१ हजारको प्रतिक्रियाबाट फस्यौंट भई बाँकी बेरूजूमा असुल गर्नुपर्ने रू. ६९ लाख ८४ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. २ करोड ८२ लाख ८५ हजार, नियमित गर्नुपर्ने रू. ९८ लाख ६२ हजार र पेश्की बाँकी रू. १ करोड ३७ लाख ४३ हजार समेत

यस वर्ष रू ५ करोड ८८ लाख ७४ हजार बेरूजू कायम रहेको छ। गत वर्षसम्म रू. ८६ करोड १८ लाख २५ हजार बेरूजू बाँकी रहेकोमा यस वर्ष समायोजन र फस्यौंट एवं कायम बेरूजू समेत हालसम्मको अद्यावधिक बेरूजू रू. ९२ करोड ६ लाख ९९ हजार रहेको छ। **बेरूजू वर्गीकरण, अद्यावधिक बेरूजू स्थिति र बेरूजू सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ।**

५. नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिता अनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य व्यहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा यस प्रतिवेदनमा औंल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ। त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनि यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्र्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएका	प्रमाण कागजात पेश नभएका	जिम्मेवारी नसारेका	सोधभर्ना नलिएका	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
७१	१४६	६,७६,२५,०३२	०	४२	८७,५०,६६०	०	७१	१०४	५,८८,७४,३७२	६९,८४,४७५	९८,६२,०५१	२,८२,८४,९७३	०	०	३,८१,४७,०२४	१,३७,४२,८७२

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
सर्लाही	८६१८२५०००	०	०	८६१८२५०००	०	५,८८,७४,३७२	९२०६९९३७२

बेरुजु सम्परीक्षणको विवरण

क्र.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	१०८	श्रेस्ता पेश नभएको	२०,३०७
२	२०८०/८१	६२	राजश्व असुली	८५,८२२
३	२०८०/८१	९९	बिल भरपाईका भरमा भुक्तानी	९५,६६२
४	२०८०/८१	८३	बढी भुक्तानी	२७,४११
५	२०८०/८१	७५	पाठयपुस्तक अनुदान	८,२१३
६	२०८०/८१	६४.2, 64.3	नदिजन्य पदार्थ बिक्रि	४३,१७,८३०
७	२०८०/८१	81	दैनिक भ्रमण	२२,२००
८	२०८०/८१	59.4	दलित आवास योजना	४५,०००
९	२०८०/८१	101	तालिम खर्च	४५,०००
१०	२०८०/८१	77	छात्र वृतिमा बढी निकासा	१८,८००
११	२०८०/८१	76	छात्रवृति	६,७४,०००

१२	२०८०/८१	45	कामै नगरी भुक्तानी	१,९९,०००
१३	२०८०/८१	89	कागजात/प्रमाण पेस गर्ने	१५,९९,८४८
१४	२०८०/८१	94	अनुगमन भत्ता	२१,६७५
१५	२०८०/८१	23	मू. अ. कर समायोजन	५,०५,०००
१६	२०८०/८१	24	धरौटी कट्टा नगरिएको	६५,०४५
१७	२०८०/८१	19	कर दायित्व	७,६०,३४३
१८	२०८०/८१	11	आम्दानी फरक देखाएको	२,३९,५०४
जम्मा				८७,५०,६६०

(८०२१९४०४३०० - बरहथवा नगरपालिका, सर्लाही)

परिचय

१ **नगरपालिकाको परिचय**

स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ। यस पालिकामा १८ वडा र सभा सदस्य ९५ रहेको छ भने क्षेत्रफल १०७.०४ वर्ग किलोमिटर तथा ८११२० जनसंख्या रहेको छ ।

२ **लेखापरीक्षणको उद्देश्य**

लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको नियमितता तथा औचित्यको आधारमा परीक्षण गरी प्रतिवेदन उपर उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य रहेको छ। यस पालिकाको आर्थिक वर्ष २०८०।८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

३ **संवैधानिक तथा कानूनी व्यवस्था**

नेपालको संविधानको धारा २१४ बमोजिम स्थानीय तहको कार्यकारिणी अधिकार संविधान र संघीय कानूनको अधिनमा रही नगरपालिकामा निहित हुने र धारा २२९ मा व्यवस्थापकीय अधिकार नगरसभामा रहने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र र सञ्चालन गर्ने अभिभारा पालिकाको हुने उल्लेख छ। सोही अधिकार बमोजिम नगरपालिकाले कार्य गर्दै आएको छ ।

४ **लेखापरीक्षण विधि**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

५ **लेखापरीक्षण सिमा**

लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाई, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

६ **लेखापरीक्षणको क्षेत्र र अवधि**

यस नगरपालिकाको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई

लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८१।०५।४ देखि २०८१।०५।११ सम्म रहेको छ।

७ वित्तीय कारोबारको अवस्था

आर्थिक कारोवारको स्थिती स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले प्राप्त गरेको आय, अनुदान तथा सहायता समेत स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (SuTRA) बाट तयार भएको आर्थिक वर्ष २०८०।८१ को वित्तीय प्रतिवेदन देहाय बमोजिम रहेको छ ।

विवरण	टिप्पणी	यस वर्ष रु.				गतवर्ष रु.		
		बजेट	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम्मा	आफैले गरेको प्राप्ति/ भुक्तानी	वस्तुगत/ सोझै भुक्तानी	जम
प्राप्ती (क+ख)		८३,४१,६५,८७५.०२	६३,८०,२८,४७९.७४		६३,८०,२८,४७९.७४	७४,५३,७७,२७७.६९		७४,५३,७७
क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने)		८२,८३,२५,८७५.१२	६३,३०,८३,९७९.७४	०.००	६३,३०,८३,९७९.७४	७२,३२,६७,५६५.६९	०.००	७२,३२,६७
११००० कर	११	१९,८४,१८,०००.००	१६,६०,३७,१८२.१२	०.००	१६,६०,३७,१८२.१२	१५,२८,८५,८९६.७२	०.००	१५,२८,८
१३००० अनुदान		४९,८८,७६,०००.००	४५,०८,६१,१३७.७०	०.००	४५,०८,६१,१३७.७०	५६,३०,१८,२४९.१५	०.००	५६,३०,१८
संघीय सरकार	१२	४८,०४,५२,०००.००	४३,५३,०९,६४२.७०	०.००	४३,५३,०९,६४२.७०	४८,८२,२२,७४९.१५	०.००	४८,८२,२
प्रदेश सरकार	१२	१,७४,२४,०००.००	१,५५,५१,४९५.००	०.००	१,५५,५१,४९५.००	७,४७,९५,५००.००	०.००	७,४७,९
अन्तरिक श्रोत	१२	१०,००,०००.००	०.००	०.००	०.००	०.००	०.००	
१४००० अन्य राजस्व		५,९४,९२,०००.००	१,२८,७२,६५९.९२	०.००	१,२८,७२,६५९.९२	१,१३,१५,०३८.१९	०.००	१,१३,१
१५००० विविध प्राप्ति		०.००	३३,१३,०००.००	०.००	३३,१३,०००.००	०.००	०.००	
३२००० वित्तीय सम्पत्ति		७,१५,३९,८७५.१२	०.००	०.००	०.००	०.००	०.००	
ख. अन्य प्राप्ति		५८,३९,९९९.९०	४९,४४,५००.००		४९,४४,५००.००	२,२१,०९,७१२.००		२,२१,०
वितरण गर्न बाकी राजस्व		०.००	०.००	०.००	०.००	०.००	०.००	
कोषहरु		५८,३९,९९९.९०	३५,४९,१०५.००	०.००	३५,४९,१०५.००	२,२१,०९,७१२.००	०.००	२,२१,०
धरौटी		०.००	१३,९५,३९५.००	०.००	१३,९५,३९५.००	०.००	०.००	
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	
भुक्तानी (ग+घ)		८३,४१,६५,८७५.०२	६९,७१,१६,८४१.३६		६९,७१,१६,८४१.३६	७६,७०,०९,५४०.६५		७६,७०,०
ग. भुक्तानी (सञ्चित कोषबाट)		८२,८३,२५,८७५.१२	६८,९०,९८,०७३.३६		६८,९०,९८,०७३.३६	७४,६१,४४,३४४.६५		७४,६१,४
२१००० पारिश्रमिक /	१८	२३,५५,७५,०००.००	२२,७१,७१,४०२.६२	०.००	२२,७१,७१,४०२.६२	२२,७७,३६,८७८.६५	०.००	२२,७७,३

सुविधा								
२२००० मालसामान तथा सेवाको उपयोग	१८	२७,५२,२९,७९९.८८	२२,२३,१९,०७०.९३	०.००	२२,२३,१९,०७०.९३	१९,०९,८६,८३९.६९	०.००	१९,०९,८६
२५००० सहायता (Subsidy)	१८	०.००	०.००	०.००	०.००	१,९५,०००.००	०.००	१,९५
२६००० अनुदान	१८	०.००	०.००	०.००	०.००	१०,००,०००.००	०.००	१०,००
२७००० सामाजिक सुरक्षा	१८	६८,३८,०००.००	५१,४०,०००.००	०.००	५१,४०,०००.००	८,४३,६२८.००	०.००	८,४३
२८००० अन्य खर्च	१८	२,२१,७४,०२१.१२	२,०३,७८,२५४.६५	०.००	२,०३,७८,२५४.६५	४,५७,२६,३९६.९५	०.००	४,५७,२६
३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च	१८	२८,८५,०९,०५४.१२	२१,४०,८९,३४५.१६	०.००	२१,४०,८९,३४५.१६	२७,९६,५५,६०१.३६	०.००	२७,९६,५५
३२००० वित्तीय सम्पत्ति	१८	०.००	०.००	०.००	०.००	०.००	०.००	
घ. अन्य भूक्तानी		५८,३९,९९९.९०	८०,१८,७६८.००		८०,१८,७६८.००	७६,७०,०९,५४०.६५		७६,७०,०९
कोषहरु		५८,३९,९९९.९०	४७,०२,२४६.००	०.००	४७,०२,२४६.००	२,०८,६५,१९६.००	०.००	२,०८,६५
धरौटी		०.००	४०,७६,८६५.००	०.००	४०,७६,८६५.००	०.००	०.००	
संघीय, प्रदेश सरकार वा अन्य कार्यक्रम		०.००	०.००	०.००	०.००	०.००	०.००	
कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी			(७,६०,३४३.००)		(७,६०,३४३.००)			
ङ. यो वर्षको बचत (न्युन)			(५,९०,८८,३६१.६२)		(५,९०,८८,३६१.६२)	(२,१६,३२,२६२.९६)		(२,१६,३२
च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या)			७,८१,०६,९९६.१२		७,८१,०६,९९६.१२	९,९९,७७,८५२.८२		९,९९,७७
वर्षान्तको बाकी रकम (ङ + च)			१,९०,१८,६३४.५०		१,९०,१८,६३४.५०	७,८३,४५,५८९.८६		७,८३,४५

बैंक तथा नगद बाकी	२४		१,९०,५३,६३५.५०		१,९०,५३,६३५.५०	७,३०,२२,९८४.८६		७,३०,२२

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

८ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गतवर्षको जिम्मेवारी रू. (२४२७६५८५), यस वर्षको प्राप्ति रु. (१७६४९५२२), यस वर्षको भुक्तानी रु. (९९९८४७) र बैङ्क मौज्दात रु. (४०८९१२६०) फरक परेको छ। सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	बैङ्क मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२)	७८१०६९९६	६३८०२८४८०	६९७११६८४१	१९०५३६३५
एकिकृत आर्थिक विवरणअनुसार	१०२३८३५८१	६५५६७८००२	६९८११६६८८	५९९४४८९५
फरक	-२४२७६५८५	-१७६४९५२२	-९९९८४७	-४०८९१२६०

९ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ। पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.७,७२,४०,९४५ मौज्दात रहेकोमा यो वर्ष रु.१०,२३,८३,५८१ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको बढि रु.२,५१,४२,६३६ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले यकिन गरी हिसाब मिलान गर्नुपर्दछ।

१० **आन्तरिक नियन्त्रण प्रणाली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाइएन। यस सम्बन्धमा देखिएका अन्य व्यहोराहरू तपशिल बमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभूत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाइएन।
- पालिकाले एक आर्थिक वर्ष मित्र भएको आर्थिक कारोवारको अनुसूची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन। पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन। साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाइएन।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन
- विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो।
- वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाइएन।
- साना तथा ठूला सबै निर्माण कार्यको नापी किताब कम्प्यूटरबाट तयार गरिएको लुजशिटमा भरी भुक्तानीको लेखासाथ राख्ने गरेको छ। कतिपय निर्माण कार्यलाई थप निरन्तरता दिन वा अन्य कारणले पछि पनि पुनरावलोकन गर्न पर्ने भएकोले आवश्यक

परेको समयमा उपलब्ध हुन सक्ने गरी संस्थागत स्मृतिको लागि डिजिटलाईज गरी वा अन्य तवरले सुरक्षित राख्न आवश्यक देखिन्छ।

- जुनसुकै निर्माणकार्य, मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिदको लागि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले निर्माण तथा सेवा सम्बन्धी कार्यको लागत अनुमान तयार गरेको भए तापनि लागत अनुमान वेगर फर्निचर, कार्यालय सामान, कम्प्यूटर आदि खरिद गरेको देखिन्छ।
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरू पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको।
- कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद बील भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय| प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्यूनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन।
- संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन।
- सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन| लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन।
- वातावरण संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार नगरेको।
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ को नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरूको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन।
- निजामती सेवा ऐन, २०४९ तथा स्वास्थसेवा ऐन २०५३ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाइएन।
- पालिकाले चल अचल सम्पति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था अनुसार पालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत तयार गर्नु पर्ने भनी गत विगतको प्रतिवेदनमा उल्लेख भए पनि सो व्यवस्थाको कार्यान्वयन भएको पाइएन।
- निजामती सेवा ऐन, २०४९ को दफा ७ख (२) वमोजिम तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित वेगर खर्च लेखेको पाइयो।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

११ **आम्दानी फरक देखाएको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२९** को निर्णयले रू **२३९,५०४** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१२ **आन्तरिक आयमा फरक**

पालिकाले उपलब्ध गराएको एकीकृत आर्थिक विवरण अनुसार पालिकाको आन्तरिक आम्दानी रू.३,८३,७३,११३ रहेकोमा सूत्रको राजश्वको आम्दानी प्रतिवेदन अनुसार रू.२,३१,५५,५५६ देखिएको छ। एकीकृत आर्थिक विवरणमा भन्दा सूत्रमा रू.१,५२,१७,५५७ ले घटी देखिएकोमा पालिकाले वास्तविक राजस्व यकिन गरि आम्दानीको हिसाब मिलान गरी पेश गर्नुपर्दछ।

१३ **खर्च बिश्लेषण**

पालिकाले यसबर्ष कुल आन्तरिक आयबाट रु.१०,०८,७३,६५२.६६ राजस्व बाँडफाँड र अनुदानबाट रु.६१०२०२९२८.६२ समेत रु.७११०७६५८१.२८ आम्दानी भएकोमा चालु तर्फ रु.४७,५०,०८,७२८.२० र पूँजिगत तर्फ रु.२१,४०,८९,३४५.१६ समेत रु.६८९०९८०७३.३६ खर्च भएको छ। खर्च मध्ये आन्तरिक आयको हिस्सा १४.६३ प्रतिशत रहेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु.२०५६७४०७।-खर्च भएको छ जुन आन्तरिक आयको २०.३९प्रतिशत रहेको छ। पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७७.८४ प्रतिशत चालु र ३५.०८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ। प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ।

१४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ। पालिकाले सामाजिक सुरक्षाको रु.२६७७२३११८।-स्वास्थ्य क्षेत्र सुधार कार्यक्रममा रु.५८२४३९८ महामारी रोग नियन्त्रण कार्यक्रम रु.५१२००० समेत गरी रू.२७४०५९५१६ सुत्रमा लेखाङ्कन गरेको छैन। जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन। तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

१५ **सञ्चित कोषमा स्थानान्तरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आर्थिक बर्ष समाप्त भए पश्चात चालु खर्च खातामा रु.४९५९४४२, पूँजीगत खर्च खातामा रु.१०३८३५५१ गरी जम्मा रु.१५३४२९९२ मौज्दात रहेको देखियो पालिकाले आर्थिक वर्ष समाप्त भएपछि चालु खर्च खाता र पुजिगत खर्च खाता शुन्य बनाई बाँकी रहेको मौज्दात शुन्य बनाउनु पर्दछ।

१६ **त्रैमासिक पूँजिगत खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम १६ (१०) बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। पालिकाले उपलब्ध गराएको विवरणअनुसार पूँजीगत खर्च वार्षिक रु.२१ करोड ४० लाख ८९ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.९१ लाख ६९ हजार अर्थात ४.२८ प्रतिशत, दोस्रो त्रैमासिकमा रु.४ करोड ९९ लाख ३२ हजार अर्थात २३.३२ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.४ करोड ६१ लाख ०५ हजार अर्थात २१.५३ प्रतिशत र चौथो त्रैमासिकमा रु.१० करोड ८८ लाख ८१ हजार अर्थात ५०.८५ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै असार महिनामा मात्र रु.७ करोड ७१ लाख ५० हजार अर्थात ३६.०३ प्रतिशत खर्च देखिनुले असारमा आएर खर्चको चाप बढेकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनु पर्दछ ।

क्र.सं.	बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च (रु. हजारमा)				
			प्रथम त्रैमासिक	दोश्रो त्रैमासिक	तेस्रो त्रैमासिक	चौथौ त्रैमासिक	असार महिना
१.	पूँजिगत खर्च	२१,४०,८९	९१,६९	४,९९,३२	४,६१,०५	१०,८८,८१	७,७१,५०
	प्रतिशत	१००	४.२८	२३.३२	२१.५३	५०.८५	३६.०३

१७ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ। पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	श्रेस्ता अनुसार बाकी (रु)	बैंक अनुसार बाकी (रु)	फरक रकम
ग १.१आन्तरिक राजस्व खाता	(९१२८५२०)	०	९१२८५२०
ग २.१चालू खर्च खाता- विजोर वर्ष	३४८४१९९	४९५९४४२	१४७५२४३
ग २.३पूँजिगत खर्च खाता- विजोर वर्ष	१११९६२९०	१०३८३५५१	(८१२७४०)
ग २.७विविध खर्च खाता	९१३७५	२०५८९६०	१९६७५८५
ग ३.१स्थानीय तह धरौटी खाता	२६४११३५	२५०७५८१५	२२४३४६८०
ग ४.१स्थानीय तह सञ्चित कोष खाता	१०६९५०९१	१५४२५३४७	४७३०२५६
जम्मा	१८९७९५७१	५७९०३११५	३८९२३५४४

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ।

१८ **क्षेत्रगत बजेट र खर्च सम्बन्धी विवरण**

स्थानिय तहले एकीकृत,समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको आ.व. २०८०।०८१ मा क्षेत्रगत बजेट र खर्चको स्थिती देहाय अनुसार रहेको छ।

मुख्यक्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च मध्ये प्रतिशत
आर्थिक विकास	३,३१,७२,८८५	१,९९,१०,७५३	२.८८
सामाजिक विकास	३९,४२,४३,९८१	३३,७८,४३,०४५.०३	४९.०२
पूर्वाधार विकास	२३,६३,३५,३८९.५२	१८,०८,८०,५९८.१६	२६.२४
सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१,९३,८२,९४४	१,४७,६६,५६६	२.१४
कार्यालय सञ्चालन तथा प्रशासनिक	१४,३७,५७,२८४	१३,५६,९७,१११.१७	१९.७०
जम्मा	८२६८९२४८४.५२	६८९०९८०७३.३४	१००

माथि प्रस्तुत तालिका अनुसार नगरपालिकाले सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी अर्थात रु. ३९,४२,४३,९८१ र सबैभन्दा कम सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा अर्थात रु.१९३८२९४४ विनियोजन गरेको छ। कुल खर्चमा खर्च प्रतिशत विश्लेषण गर्दा सामाजिक विकास क्षेत्रमा सबैभन्दा बढी ४९.०२ प्रतिशत तथा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबैभन्दा कम अर्थात २.१४ प्रतिशत खर्च प्रगति भएको छ। यसरी सबैभन्दा बढि बजेट विनियोजन गरेको सामजिक विकास क्षेत्रको खर्च गर्ने क्षमतामा सुधार गरी अपेक्षित विकासको नतिजा हासिल गर्ने तथा लक्ष्यनुसार खर्च प्रगति हासिल गरी नगरवासीको सुशासन तथा संस्थागत विकासमा ध्यान दिनुपर्दछ।

१९ **कर दायित्व**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **७६०,३४३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

२० **योजनाको प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को ५.२.बुदाँ न. ४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसारका कुल २४३ योजनामा वजेट विनियोजन गरेको छ।

विवरण	रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
योजना संख्या	२८	३१	८७	४९	४८	२४३
जम्मा रकम खर्च (रु. हजारमा)	२४३६	५२७३	३१३०६	३८५७१	१०८५६२	१८६१४८

उपर्युक्त विवरणअनुसार नगरपालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । पालिकाले यस वर्ष जम्मा २४३ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका १४६ वटा योजना छन् जुन कुल योजना संख्याको ६०.०१ प्रतिशत हुन आउँछ। जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने हुँदा पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

२१ **न्यायिक समिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ। समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ। तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ७३ र यो वर्ष थप भएको १०७ गरी कुल १८० विवाद दर्ता भएकोमा १२५ वटा मात्र फर्स्यौट भई ५५ वटा बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ।

२२ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ। जसअनुसार स्थानीय तह सञ्चालनको लागि पालिकाले हालसम्म ७ वटा ऐन, १ वटा नियमावली, १७ कार्यविधि लगायत ४ निर्देशिका २ मापदण्ड लगायत ३१ वटा कानुन निर्माण गरी कार्यान्वयनमा ल्याएको छ।

२३ **मू. अ. कर समायोजन**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२४ मा जमानत वापत राखेको धरौटी फिर्ता गर्दा सम्बन्धित निर्माण व्यवसायी वा सेवा प्रदायकले सम्बन्धित आन्तरिक राजश्व कार्यालयको कर विवरण (मूल्य अभिवृद्धि कर समायोजन) पेश गरेको प्रमाण कागजात पेश

गरेपछि भुक्तानी गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले निम्न फर्म तथा संस्था लाई धरौटि फिर्ता गर्दा मूल्य अभिवृद्धि कर समायोजन को प्रमाण बेगर भक्तानी गरेको देखिएकोले मुल्य अभिवृद्धिकर समायोजनको प्रमाण पेश गर्नु पर्ने रु.

गो भौ नं / मिति	व्याक्ति /फर्मको नाम	विवरण	रकम
६-०७।१०	न्यूटेरिक सप्लायर्स	टावर लाईट सामान आपुर्ति	२३८५००
जम्मा			२३८५००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **५०५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२,३८,५००

२४ **धरौटी कट्टा नगरिएको**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा विजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नु पर्ने व्यवस्था गरेको छ।पालिकाले माँ निर्माण सेवाको भुक्तानीमा नियमानुसार कट्टा गर्नुपर्ने रकम कट्टा गरेको नदेखिएकोले सम्बन्धितसंग भुक्तानीको पांच प्रतिशत रकम असुल गरी धरौटी खातामा दाखिलाको प्रमाण पेस गर्नुपर्ने रु

गो.भौ.	फर्म नाम	भुक्तानी रकम	धरौटी रकम
३९६/३-२४	माँ निर्माण सेवा	४६५४६९	२०५९६

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१८,४२५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१२,३९०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **३४,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२०,५९६

२५ **आन्तरिक लेखापरीक्षण शाखा**

प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ। तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ।

२६ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ। पालिकाले यस वर्ष एउटै प्रकृतिका काम जस्तै सडकमा ग्राभेल हाल्ने, सडक मर्मत गर्ने तथा सडक ढलान गर्ने लगायतका कामका लागि विभिन्न निर्माण व्यवसायीहरूबाट सोझै खरिद गरी कार्य गराएको छ। पालिकाले विभिन्न वडा तथा स्थानमा काम गर्नुपर्ने भएकोले सोझै खरिद गर्नुपरेको भनाई राखेको छ। एउटै प्रकृतिको कामहरू प्याकेजमा लागत अनुमान तयार गरी प्रतिस्पर्धा मार्फत गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ। यस्ता सोझै खरिद गरी निर्माण गरेका कार्यहरूको उदाहरण यस प्रकार छनः

भौ.नं.।मिति	निर्माण व्यवसायिको नाम	पान नम्बर	भुक्तानी	कार्यादेश
२-०८०।६।३०	चार्ल्स बिल्डर्स प्रा.लि.	६०९७७९३७४	९६१८६०	०८१।३।१७-३।२४
५-०८०।६।३०	एस.आर.कन्सट्रक्सन	६०१८९४२६७	९७२०१७	०८१।३।१७-३।२४
६-०८०।६।३०	प्रिसा निर्माण सेवा	६०९५१९२१९	९६१८६०	०८१।३।१७-३।२४
९-०८०।६।३०	गजमुखाय निर्माण सेवा	६१०४२४६६७	९६७९६६	०८१।३।१७-३।२४
१२-०८०।७।१	आर.के. ट्रेडिङ्ग कन्सर्न	६१७७४५५९२	८५७३६०	०८१।२।३०-३।१५
७७-०८०।९।१९	आर.सी. कन्सट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.	६०९७३३८८२	९३२३७८	–
८२-०८०।१०।५	महादेव निर्माण सेवा	३०५१६५९३६	९६२०६१	२०८०।८।८
८४-०८०।१०।५	शुभ सागर कन्सट्रक्सन प्रा.लि.	६०१६१९००९	९३५८६७	०८०।६।२७-०८०।१२।३०
८६-०८०।१०।५	शिव प्रकाश निर्माण सेवा		९५०२००	२०८०।८।७
	जम्मा रकम		८५०१५६९	

२७ निर्माण कार्यको गुणस्तर

सार्वजनिक खरिद नियमावलीको नियम १११ (१-ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति तथा निर्माण व्यवसायी मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति वा निर्माण व्यवसायी मार्फत गुणस्तर परीक्षणको आवश्यक व्यवस्था गर्नुपर्दछ। कार्यालयले कतिपय आयोजनामा निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, कंक्रिट टेष्ट जस्ता कार्य गराएको पाइएन। यसले गर्दा निर्माण कार्यमा लागत अनुमान तयार गर्दाको स्पेक अनुसारको आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नुपर्दछ ।

२८ ठेक्का व्यवस्थापन

पालिकाले बजेट कार्यान्वयनको क्रममा ठेक्का व्यवस्थापन गर्दा देखिएका कमजोरीहरु निम्नानुसार रहेका छनः

- नापी किताब (म.ले.प.फा.नं. ५०३) छुट्टै अभिलेखको रुपमा राख्ने व्यवस्था नगरेको,
- नापी किताब नियन्त्रण खाता (म.ले.प.फा.नं. ५१२) नरहेको,
- आइटमवाइज कार्य अभिलेख खाता (म.ले.प.फा.नं. ५०५) नराखेको,
- ठेक्कागत अभिलेख खाता (म.ले.प.फा.नं. ५०६) तयार नगरेको,
- ठेक्का सम्बन्धी गोश्वारा लगत (म.ले.प.फा.नं. ५०७) तयार नगरेको,
- जनसहभागितामा सम्पादित कार्यको प्रतिवेदन (म.ले.प.फा.नं. ५१४) तयार नगरेको,
- तयार गरिएका अभिलेखहरु खोजेका बखत तुरुन्त प्राप्त हुन सक्ने गरी फाइल व्यवस्थापन नगरेको,
- समयमै कार्य तालिका बमोजिम कार्य नगर्ने ठेकेदारलाई कानून बमोजिम जिम्मेवार बनाउन नसकेको,
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूतम दररेट तोक्नुपर्नेमा नतोकेको,

- पालिकाको ठेक्का व्यवस्थापनमा देखिएका उपर्युक्त कमजोरीहरुका कारण आयोजना व्यवस्थापन प्रभावकारी हुन सकेको देखिदैन ।

साथै तोकिएका अभिलेख समेत नराख्ने कमजोरीहरु समयमै सुधार गरी आयोजना छनौट, कार्यान्वयन तथा मूल्याकंन कार्यलाई मितव्ययी, दक्षतापूर्ण र प्रभावकारी बनाइनुपर्दछ ।

२९ तलवी प्रतिवेदन

निजामती सेवा ऐन २०४९, स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई पालिकाका तर्फका कर्मचारीको पारिश्रमिक कर्मचारीबाट रु २,६९,००,००० खर्च लेखेको छ। तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

३० शिर्षक परिवर्तन

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ को उपनियम २(क) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शीर्षकमा परेको र खर्च गर्न बाँकी रकम अधिकार प्राप्त अधिकारीले खर्च गर्ने वा खर्च गर्न निकासा दिनुपर्ने व्यवस्था छ। पालिकाले चालुतर्फ निम्न शिर्षक परिवर्तन गरी खर्च गरेको देखिएकाले नियमावलीको पालना गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। फरक शिर्षकबाट गरेको भुक्तानी नियम संगत नदेखिएको रु.

गो.भै.न./ मिति	रकम	हुनुपर्ने शिर्षक	भएको शिर्षक
६१३/१२।२८	५,५५,५९९	पारिश्रमिक पदाधिकारी	ईन्धन
६९३/०२।१७	९,५५,८००		
९३३।३।२१	१५,८००	अन्य भ्रमण खर्च	सवारी साधन मर्मत
जम्मा	१५,२७,१९९		

अनियमित भएको	१५,२७,१९९

३१ तालिम प्रशिक्षण भत्ता

प्रदेश खर्च मापदण्ड २०७७ मा सार्वजनिक निकायले सञ्चालन गरेको क्षमता विकास सम्बन्धी तालिममा जिल्ला तथा स्थानीयस्तरमा प्रशिक्षण बापत प्रति कक्षा रु ५०० र कार्यपत्र प्रस्तुत गरेमा रु ७०० का दरले भत्ता पाउने व्यवस्था छ। त्यसैगरी बाहिरी स्रोत व्याक्तिको हकमा ३० कार्य दिनसम्म अधिकृतस्तर भएमा रु १,००० र सहायक स्तर भएमा रु ७०० का दरले भत्ता पाउने व्यवस्था छ। तर पालिकाले गो.भै.न. ३६/०७।०१ बाट सामुदायिक विकास केन्द्र नेपालद्धारा सञ्चालित महिला जनचेतना सम्बन्धी कार्यक्रम सञ्चालन गरेवापत रु २,९७,१९० भुक्तानी गरेकोमा सहजकर्ता प्रशिक्षण प्रति शेसन रु २८२५ का दरले भुक्तानी गरेको देखिन्छ। नम्सले निर्धारण गरेभन्दा बढी भुक्तानी भएको असुल गरी दाखिला गर्नुपर्ने रु

नाम	सेसन	भुक्तानी रकम	नम्स अनुसार हुनुपर्ने	बढी भुक्तानी
ममता कुमारी कायस्थ	६	१६,९५०	७,२००	९,७५०
संजय कुमार	६	१६,९५०	७,२००	९,७५०
हरेन्द्र यादव	६	१६,९५०	७,२००	९,७५०
रामलाल महतो	६	१६,९५०	७,२००	९,७५०
जम्मा				३९,०००

असुल गर्नुपर्ने	३९,०००

३२ **मेला, महोत्सव तथा वितरणमूखि कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ। साथै उक्त ऐनमा प्रमुख प्रशासकीय अधिकृतले नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी खर्च गर्नुपर्ने व्यवस्था छ। पालिकाले चाडपर्व, पूजा,मेला र महोत्सव, सांस्कृतिक कार्यक्रम एवं वितरणमुखी प्रकृतिको कार्यक्रममा रु ११,२०,४०५ र वडाले धर्म संस्कृति शिर्षकबाट पनि थप वितरण गरेको देखिन्छ। विगत वर्षहरुको लेखापरीक्षण प्रतिवेदनमा समेत सुधारका लागि सुझाव दिदैँ आएकोमा सुधार भएको देखिदैँन। यस्ता अनुत्पादक एवं वितरणमुखी प्रकृतिका चालु खर्चहरु नियन्त्रण गरी पुँजी निर्माणमा सघाउ पुग्ने योजना तथा कार्यक्रम छनौट गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ। केही उदाहरणहरुः

कार्यक्रम	**रकम**	**कैफियत**
दुर्गा पुजा	५,००,०००	पालिकाबाट सञ्चालित कार्यक्रम
तिज विशेष कार्यक्रम	८५,०००	
जितिया पर्व महोत्सव	५०,०००	
कमल वितरण	१६६९१९	
ब्लाकेट वितरण	२०००००	
सिरक वितरण	२५००००	
महिलाको लागि तिज	५०,०००	वडाबाट सञ्चालित कार्यकम
तिज कार्यक्रम	५०,०००	

३३ **इन्धन खर्च**

पालिकाले इन्धन कार्यालय प्रयोजनमा रु ४७,००,०००, इन्धन पदाधिकारीमा रु ३६,९९,०००, पारिश्रमिक पदाधिकारीबाट रु १५,००,११३, इन्धन कार्यालय प्रयोजन (जेसिबि, लोडर र ग्रेडर) रु ४१,००,०००, कन्टिन्जेन्सीबाट रु ४,५८,८५०, सुरक्षा निकायलाई आवश्यक सहयोग अनुदान रु १,००,४५५ र स्थानीय धर्म संस्कृति शिर्षकबाट रु ४५,१३८ गरी कुल रु १,४६,०३,५५६ खर्च गरेको देखिन्छ। स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधाको सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७ को अनुसुचि १(ख) मा नगरपालिका प्रमुख तथा उपप्रमुखलाई प्रति महिना १२५ लिटरका दरले वर्षभरी १५०० लिटरको रकम खर्च गर्नसक्ने व्यवस्था छ। उक्त खर्च मापदण्ड अनुसार बर्षभरीमा पालिकाले गत वर्षको इन्धनको अधिक्तम औसत दर १६६.६७ लाई आधार लिदाँ प्रमुखले प्रति महिना १२५ लिटरका दरले एक वर्षमा १ गाडीमा १५०० लि. प्रयोग गरी रु. २,५०,००० खर्च हुने देखिन्छ। सार्वजनिक खर्च मापदण्ड निर्देशिका २०७७ को बुदाँ नं ७.१.१६ मा ३० जनासम्म कर्मचारी दरबन्दी रहेको कार्यालयमा मासिक १०० लिटर डिजेल र ७५ लिटर पेट्रोल तथा प्रति मोटरसाईकल १० लिटर पेट्रोल खर्च लेख्ने व्यवस्था छ। पालिकाले सवारीसाधन अनुसार इन्धन खर्चको विवरण खुल्ने इन्धनको लगबुक नराखेको तथा रोलर, ग्रेडर, टिप्पर लगायतका साधनको प्राविधिक मूल्याङ्कन गरेको देखिदैँन। पालिकाले सवारी साधनको लगबुक नराखेकोले कुन सवारी साधनमा कति रकम खर्च भएको विवरण यकीन गर्न सकिएन। पालिकाले यस्तो ईन्धन खर्चमा रजिष्टर राखी ऐनले तोकेको परिमाण भन्दा बढी परिमाणमा खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।

३४ **विविध खर्च**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम व्ययको वजेट अनुमान आन्तरिक आयको परिधि भित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। महालेखा नियन्त्रक कार्यालयद्धारा जारी गरिएको एकीकृत आर्थिक संकेत वर्गिकरण र व्याख्या, २०७४ मा खर्च संकेत नं (२२७११) विविध खर्चको व्याख्यामा स्वीकृत भएका मनोरञ्जन, प्रदर्शन, निमन्त्रण तथा भोजहरु

सम्बन्धी खर्च कार्यालय सुरक्षा सम्बन्धी आवश्यक खर्च प्रतिनिधिमण्डलको स्वागत र अतिथि सत्कार खर्च र अन्य कुनै शिर्षकमा नभएका खर्चहरु समावेश हुने उल्लेख छ। पालिकाले यो वर्ष विविध खर्चमा रू ३६,९५,१८७ खर्च गरेको छ, जुन आन्तरिक आय रु १,९८,४२,५५६ को १८.६२ प्रतिशत हो। कानूनी रुपमा मापदण्ड तोकेर मितव्ययी रुपमा खर्च गर्न सकिने भएतापनि पालिकाले यस्तो खर्चमा कुनै मापदण्ड विकास नगरेको, बिल बिजक भौचर साथ राख्ने गरेतापनि प्रयोजन र औचित्यता तथा आधार पुष्टी गर्ने नगरेको जस्ता कमजोरीहरु देखिएका छन। विविध खर्चको उद्देश्य र खर्चको यथार्थता प्रमाणित नहुने गरी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

३५ झोला वितरण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ। पालिकाले गो. भै.न. ५४/०७।०३ बाट वडा नं १२ मा रहेका नेपाल राष्ट्रिय आधारभुत विद्यालय र श्री सामुदायिक प्राथमिक विद्यालयका विद्यार्थीको लागि ३८० थान व्याग रु ४७८ का दरले धन लक्ष्मी व्याग उद्योगबाट खरिद भएकोमा २७५ जना विद्यार्थिले मात्र वुझिलिएको भरपाई पेश भएको हुदाँ बाँकी झोला वितरण भएको हो होइन एकिन गर्न सकिएन। बाँकी झोला वितरण गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४५,४१०

३६ आर्थिक सहायता

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) अनुसार खर्चको पुष्ट्याई हुने प्रमाण कागजात संलग्न गरेर मात्र खर्च लेख्नुपर्ने व्यवस्था छ। यस्तो आर्थिक सहायता वितरण गर्दा पालिकाले कार्यपालिकाको निर्णयका आधारमा नगर प्रमुखको तोकआदेश अनुसार पालिकास्तरबाट र वडाले वडाअध्यक्षको सिफारिसका आधारमा वडाको बजेटबाट वितरण गरेको देखिन्छ। यस्ता आर्थिक सहायता वितरण गर्दा कमजोर आर्थिक अवस्था, मेला, पर्व र उपचार गर्न नसकेको जस्ता कारणहरु उल्लेख गरी भुत्तानी गरेको देखिएकाले वडाबाट आर्थिक सहायता वितरण गर्ने कार्यमा नियन्त्रण गरी पालिकाले कार्यविधि मार्फत वास्तविक सहायता दिनुपर्ने व्यक्तिलाई मात्र आर्थिक सहायता दिने र अन्यलाई आर्थिक सहायता दिन मिल्ने कानूनी व्यवस्था नभएकोले अनुत्पादक आर्थिक सहायता खर्च नियन्त्रण गर्नुपर्दछ। केही उदाहरणहरुः

कार्यक्रम	रकम	वडा नं
अति विपन्नलाई आर्थिक सहयोग	७०,०००	७
धर्म संस्कृति कार्यक्रम	२,००,०००	१
स्थानीय धर्म संस्कृति कार्यक्रम	१,९८,१३८	३
धर्म संस्कृति कार्यक्रम	१,९१,०००	४

३७ भ्रमण तथा अनुगमन खर्च

भ्रमण खर्च नियमावली २०६४ मा पदाधिकारी तथा कर्मचारीले भ्रमण प्रयोजन खुलाएर भ्रमण स्वीकृत गराउनुपर्ने व्यवस्था छ। साथै नियमावलीको नियम १८ मा भ्रमण गर्ने कर्मचारी तथा पदाधिकारीले भ्रमण प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले भ्रमण प्रतिवेदन तथा भ्रमण अभिलेख नराखी भ्रमण खर्च रु १२,२७,२५० र अनुगमन मूल्याङ्कनमा रु ४,९५,७६१ गरी कुल रु १७,२३,०११ खर्च लेखेको छ। अधिकाश भ्रमण आदेशमा भ्रमण प्रयोजनमा काम विशेष नखुलाई कार्यालयको काम लेखेको तथा भ्रमण विल स्वीकृत नगरेको देखिन्छ। कतिपय भ्रमण खर्चमा भ्रमण प्रतिवेदन समावेश गरेतापनि त्यस्तो प्रतिवेदनमा भ्रमणको उद्देश्य र सो बमोजिम प्राप्त उपलब्धी जस्ता बिषयबस्तु समावेश नगरी केबल अवधि र स्थानमात्र उल्लेख गर्ने गरेको पाइयो। नियमावलीमा उल्लेख भए बमोजिम भ्रमण अभिलेख तथा भ्रमण प्रतिबेदन राखेर मात्र भ्रमण खर्च लेख्ने र एकैदिन जान आउन सकिने स्थानमा बास बस्ने गरी काज खटाउने कार्यमा नियन्त्रण गर्नपर्दछ।

३८ सूचना प्रकाशन तथा छपाई

विज्ञापन (नियमन गर्ने) नियमावली २०७७ (पहिलो संशोधन समेत) को नियम ६ क को उपनियम २ मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चारमाध्यम मार्फत कारोबार भएको भए सञ्चारमाध्यमले जारी गरेको बिल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको बिलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने बिलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। त्यस्तै विज्ञापन (नियमन गर्ने) ऐन २०७६ को दफा २१ को उपदफा २ ख र विज्ञापन नियमन गर्ने नियमावली २०७७ को नियम ६ क को उपनियम ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था छ। तर पालिकाले उक्त व्यवस्थाको परिपालना गरेको देखिएन। गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले मिति २०७४/४/२३ को पत्रमा सरकारी बिज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नितीगत ब्यवस्था गरेको उल्लेख छ। गोरखापत्र बाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा बिज्ञापनमा २० देखि ६० प्रतिशत सम्म छुट दिने गरेको देखिन्छ। पालिकाले सरकारी बिज्ञापन प्रकाशन गर्दा सुचना को साईज उल्लेख नगर्दा सानो साइजमा छपाई गरेपनि हुने विज्ञापन साइजमा ध्यान नदिएको, सुचना छपाई गर्न कार्यादेश नदिईएको, छुट प्रतिशत लिनको लागी सुचना प्रकाशन गरी दररेट कायम नगरेको, उल्लेखित ब्यबस्था बमोजिम छुट प्रतिशत नलिई अधिकतम १० देखी १५ प्रतिशत सम्म मात्रै छुट लिएको देखिन्छ। पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु २८,८८,३४६ खर्च गर्दा उक्त प्रावधानहरुको पालना गरेको देखिएन। दशैं, दिपावली, छठ जस्ता पर्वको सुभकामना सन्देश प्रसारण गरी खर्च गर्न पाईने कानुनी व्यवस्था नभएकाले कार्यालयले फजुल खर्च नियन्त्रण गर्नु पर्दछ। नियमावलीको पालना नगरी अनावश्यक सूचना छाप्ने र प्रसारण गर्ने कार्यमा नियन्त्रण गरी खर्चलाई वाञ्छित सिमाभित्र राख्नुपर्दछ।

३९ बैठक भत्ता

स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धि ऐन २०७७ को अनुसूची (ख) मा नगरपालिकाको प्रमुख, उपप्रमुख, वडाअध्यक्ष र सदस्यले पाउने बैठक भत्ता, दैनिक भ्रमण भत्ता र अनुगमन भत्ता सम्बन्धी व्यवस्था छ। पालिकाले कर्मचारीको फिल्ड भत्तामा रु ७४,८२२, कर्मचारी बैठक भत्तामा रु ९,००,०००, अन्य भत्ता ३,००,०००, पदाधिकारी बैठक भत्तामा रु ११,००,०००, न्यायिक समिति भत्तामा रु १,२६,००० प्रधानमन्त्री रोजगार व्यवस्थापन बैठक भत्तामा रु २,००,०००, नगर शिक्षा समिति तथा प्र.अ. बैठकमा रु ३९,८२८ र अपाङ्ग समिति बैठक भत्तामा रु १,८५,००० गरी कुल रु २९,२५,६४७ खर्च गरेको देखिन्छ। आन्तरिक आय रु १,९८,४२,५५६ को तुलनामा यो खर्च १४.७४ प्रतिशत देखिएकोले यस्तो खर्चको उद्देश्य उपादेयता प्रमाणित नहुने गरी खर्च लेख्ने परिपाटीमा नियन्त्रण हुनु पर्दछ

४० सवारी साधन तथा मेसिनरी औजार मर्मत

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ वमोजिम सरकारी जिन्सी मालसामान हानी नोक्सानी नहुने गरि संरक्षण गर्ने र तिनीहरुको राम्रो सम्भार गरी वा चालु अवस्थामा राख्ने उत्तरदायित्व सम्वन्धित कार्यालय प्रमुखको हुने उल्लेख छ। म.ले.प.फारम नं ४१४ मा मर्मत गर्नुपर्ने सामानको विवरण, मर्मत गर्नुपर्ने कारण, लागत, यस अघि मर्मत गरेको मिति र रकम लगायत उल्लेख गर्नुपर्ने छ। सोही वमोजिम कार्यालयमा रहेको जिन्सी मालसामान मर्मत गर्नुपर्ने भएमा कार्यालय प्रमुखबाट मर्मत आदेश स्वीकृत गराई सोको मर्मत अभिलेख तयार गरी राख्नुपर्दछ। पालिकाले सवारी साधन मर्मत गर्दा मर्मत अभिलेख तयार नगरेको, मर्मत आदेश समेत स्वीकृत नगरेको, मर्मतको कतिपय जिन्सी दाखिला नगरेको, कार्यालय प्रमुखबाट लागत अनुमान स्वीकृत नगरेको र व्याक्तिमार्फत भुक्तानी गरी सवारी साधन मर्मतमा रु ४४,४२,१५७ र मेसिनरी औजार मर्मतमा रु १०,११,०६३ खर्च गरेको देखिन्छ। नियमको पालना तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

४१ जिन्सी निरीक्षण

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, राखिएको जिन्सी मालसामान के कस्तो अवस्थामा छन सो सम्वन्धमा कार्यालय प्रमुखले एक वर्षमा कम्तिमा १ पटक आफै वा त्यस्तो मालसामान जिन्सी जिम्मा लिने कर्मचारी वाहेकको कर्मचारी वा प्राविधिक द्धारा निरीक्षण गर्न लगाई सोको लिखित प्रतिवेदन तयार गर्नुपर्ने र सो प्रतिवेदनमा उल्लेख भए अनुसार मर्मत सम्भार गर्नुपर्ने तथा लिलाम गर्नुपर्ने भए सो बमोजिम मर्मत तथा लिलाम बिक्रि गरी जिन्सी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ। पालिकाले जिन्सी निरीक्षण गरेको छैन। लेखापरीक्षणको

क्रममा जिन्सीको एकिकृत विवरण माग गरेकोमा सोको विवरण पेश भएन। साथै नगरपालिकाले जिन्सी श्रेस्ता एकिकृत गरी सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा आवद्ध गरी शाखाहरुलाई हस्तान्तरण गर्ने तथा सहायक जिन्सी खाता व्यवस्थापन गर्नुपर्नेमा शाखागत रुपमा जिन्सी खाता राख्ने गरेको देखियो। वडाले खरिद गरेको जिन्सी सामग्री पाम्समा दाखिला गरेको छैन। पालिकाको जिन्सी लाई एकिकृत गरी PAMS मा अद्यावधिक गर्ने जिन्सी निरीक्षण गरी सोको प्रतिवेदन तयार गरी प्रतिवेदनको आधारमा जिन्सी व्यवस्थापन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ।

४२ **गैरसरकारी संस्थामार्फत काम**

सार्वजनिक खरिद नियमावालीको नियम ९९ मा गैरसरकारी संस्थाबाट काम गराउनको लागि त्यस्तो कामको आवश्यकता, किसिम, समयावधि, कामको गुणस्तर, जनशक्ति, कार्य सञ्चालन विधिसहितको कार्यक्षेत्रगत शर्त र लाग्ने रकमको मोटामोटी अनुमान तयार गर्नु पर्ने व्यवस्था गरेको छ। त्यसरी काम गराउँदा मौजुदा सूचीमा समावेश भएका गैरसरकारी संस्थालाई कम्तीमा पन्ध्र दिनको अवधि दिई राष्ट्रिय वा स्थानीयस्तरको दैनिक समाचार पत्रमा सूचना प्रकाशन गरी सो संस्थाबाट प्रस्ताव माग गर्नु पर्ने भनिएको छ। पालिकाले नियमावली बमोजिमको कार्यक्षेत्रगत शर्त, लागत अनुमान, सूचना प्रकाशन जस्ता प्रक्रिया पुरा गरेर मात्र कार्यक्रम सञ्चालन गर्नुपर्दछ।

गो भौ.नं/ मिति	कार्यक्रम	गैर सरकारी संस्था	रकम
३६/ ०७।०१	महिला जनचेतना सम्वन्धी	सामुदायिक विकास केन्द्र नेपाल	२,५२,६११
६०/०७।१४	बाख्रा वितरण	सामुदायिक विकास समाज	१,९६,६४१
१७९/०८।२१	क्षमता विकास सम्वन्धी	भरोसा नेपाल	४,२२,४५०
६१५/०२।१७	क्षमता विकास सम्वन्धी	भरोसा नेपाल	४,८९,९८९

४३ **विगतको भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेश गरेर बजेट बनाउने व्यवस्था छ। आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (२) मा विनियोजित बजेट नखाम्ने र बढी खर्च हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९ (१५) ले आधार सहित दायित्व सिर्जना गर्न मिल्ने शिर्षकको व्यवस्था गरेको छ। तर पालिकाले भुक्तानी दिन वाँकी शर्षकमा राखी निम्न ब्याक्ति/संस्थाको विल भुक्तानी गरेको नियमसंगत मान्न नसकिएको रु.

गो.भै.न./मिति	नाम	रकम	कौफियत
१५४/०७।२४	लम्ब्ली होटल एण्ड स्वीट्स	४,००,०००	विगत आ.व. देखिको होटलको विल पेश गरेको
२५८/०९।०४	अरुण कुमार सिंह	५९,२९१	वि.स. २०७८ सालमा धान बालिमा भएको क्षतिको विवरण संकलन कार्यक्रमको खर्च
जम्मा		४,५९,२९१	

अनियमित भएको	४,५९,२९१

४४ **गत वर्षको अनुगमन भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नयम ३९ (२) मा विनियोजित बजेटले नखाम्ने र वढी खर्व हुने गरी दायित्व सिर्जना गर्न नहुने र नियम ३९ (१५) मा आधार सहित दायित्व सिर्जना गर्न मिल्ने खर्च शिर्षकको व्यवस्था गरेको छ। पालिकाले नियमित र चालु प्रकृतिका खर्चको गत विगतको भुक्तानी दिन बाँकी दायित्व बजेटमा समावेश गरी गो.भौ न. ७४१/०३।०५ बाट रु २५,९२,००० गो.भौ.न.१०१४/३।२४ बाट रु २,००,००० र गो.भौ.न. ७४३।०३।०५ बाट रु ४,३२,००० गरी एकमुष्ट रु ३०,२४,००० भुक्तानी दिएको छ। ऐन तथा नियमावलीको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट राख्नुपर्नेमा अनुगमन मुल्याङकन समेत भुक्तानी वाकीँ राखि खर्च गरेको नियमसंगत नदेखिएको रु.

अनियमित भएको	३०,२४,०००

४५ **कामै नगरी भुक्तानी** (६५९-२०८१-१-३०):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **१९९,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४६ **सुरक्षित नागरिक आवास कार्यक्रम**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधी २०७५ बुँदा नं. ४ र १६ अनुसार प्रतिनिधिसभाको सदस्यसहितको सुरक्षित नागरिक आवास समन्वय समितिबाट रिपपुर्वक छनौट भएका लाभग्राहीलाई पहिलो किस्ता सम्झौता पश्चात र दोस्रो अन्तिम किस्ता प्राविधिक प्रतिवेदन(अनुसुची ३) पेश भएपछि भुक्तानी गर्ने व्यवस्था रहेको छ । साथै पालिकाले यस्तो कार्यको स्टिमेट तयार गरी सोही अनुसार कार्य भए/नभएको प्राविधिक नापजाँच पश्चात कार्यसम्पन्न प्रतिवेदन समेत जारी गर्नुपर्ने उल्लेख छ। सुरक्षित नागरिक आवास समन्वय समितिको बैठकले लाभग्राही छनोट गरिनेमा सो समितिको बैठकको निर्णय भौचर साथ् संलग्न देखिएन। पालिकाले गो.भौ. २१/३-२० बाट २१२ लाभग्राही लाई रु.६२३२८०० पहिलो किस्ता बापतको भुक्तानी गरेको देखियो।पालिकाले छनोट गरिएका लाभग्राही छनोटका निर्णय पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	६२,३२,८००

४७ **न्यूनतम दररेट निर्धारण नगरेको**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ मा प्रत्येक आर्थिक बर्ष शुरु हुनुभन्दा १५ दिन अगावै आफ्नो क्षेत्रभित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामाग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट तोक्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नै दररेट तयार नगरी जिल्ला दररेट समितिले तोकेको दररेटमा ढुवानी रकम समाबेश गरी निर्माण सामाग्रीको दररेट कायम गरेको छ । अधिकांश योजनामा उपभोक्ता समितिले निर्माण सामाग्री पालिका स्थीत आपुर्तकले उपलब्ध गराएको बिल पेश गरेको देखिन्छ। अतः स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी पालिकाले दररेट तयार गर्नुपर्नेमा बाग्मती खोलाबाट ढुङ्गा बालुवा गिट्टी लगायत सामाग्री ढुवानी गर्ने गरी लागत अनुमानको आधार लिदा आयोजनाको लागत बढि पर्न गएको देखिन्छ ।बागमती खोलालाई आधार लिएर ढुवानी दिए पनि रोल्टी तिरेको प्रमाण पेश नगरेको कारण ढुङ्गा तथा ग्राभेल कहाँ तथा कुन खोलाबाट ल्याएको यकिन हुन सकेन। स्थानिय बजारमै उपलब्ध हुने निर्माण सामाग्रीको दर र ढुवानी समाबेश गरी कार्यालयले दररेट तयार गर्नुका साथै कानूनमा भएको व्यवस्थाको परिपालना हुनुपर्दछ। पालिकाले ग्राभेल र बालुवामा प्रति घ.मि. रू.३०० देखि रू.६५० सम्म ढुवानी राखेर लागत अनुमान तयार गर्दा निर्माणको लागत १० देखि २५ प्रतिशत सम्म बढेको छ। निर्माणका कार्यामा दर विश्लेषण गर्दा राज्यलाई आर्थिक व्ययभार नपर्ने गरी मितव्ययी तवले गर्नुपदर्छ। पालिकाले दर विश्लेषण गर्दा दिएका ढुवानीका केहि आइटमका उदाहरण यस प्रकार छनः

भौ.नं.।मिति	भुक्तानी पाउनेको नाम	पान नम्बर	नन्फनइलर रहेको मिति	भुक्तानी रकम	मू.अ. कर रकम
२-०८०।६।३०	चार्ल्स बिल्डर्स प्रा.लि.	६०९७७९३७४	2080/T/1	९६६२८५	१११९६५
५-०८०।६।३०	एस आर कन्सट्रक्सन	६०१८९४२९७	2080/T/3	९७२०१७	१११८२५
६-०८०।६।३०	प्रिसा निर्माण सेवा प्रा.लि.	६०९५१९२१९	2080/T/2	९६१८६०	११०६५६
९-०८०।६।३०	गजमुखाय निर्माण सेवा प्रा.लि.	६१०४२४६६७	2080/T/2	९६७९६६	१११३५९
१०-०८०।६।३०	एस.आर. कन्सट्रक्सन	६०१८९४२९७	2080/T/3	६८३६१२१	७८६४५६
१२-०८०।७।१	आर.के.ट्रेडिङ्ग कन्सर्न	६१७७४५५९२	2079/M/12	८७५३६०	८५३६०
१४-०८०।७।१	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	३१३३४९०	३६०४९०
१६-०८०।७।१	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	४७३३७११	५४४५८६
६२-०८०।७।२३	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	१०३७९०५	११९४०५
२०९-०८१।२।२०	भिजन कन्सल्टेन्सी एण्ड सप्लायर्स	६१०३७२४७०	2080/T/2	४४०७००	५०७००
२८१-०८१।३।१६	सम्वाला निर्माण सेवा	६२०४३१३८१	2080/M/10	४६०६६७	५२९६७
२९९-०८१।३।१८	एस एम कै लाइट कन्सट्रक्सन प्रालि		2080/M/1	२३५५४८५	२७०९८५
६९५-०८१।२।१६	भरोसा नेपाल	६१८६६३५२१	2080/M/9	४९६५८९	५७१२९
	जम्मा रकम			२४२३८१५६	२७७३०८३

४८ उपभोक्ता समितिको काम

सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समुहवाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ। साथै नियमावलीको नियम ९७ (१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रम मुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ। कार्यालयले कतिपय निर्माण कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ता समितिले निर्माण व्यवसायीबाट समान खरिद गर्ने र मेशिन भाडामा लिई मुलतः निर्माण व्यवसायी नै संलग्न गराइ सोही आधारमा आयोजनाको रकम भुक्तानी गर्ने गरेको पाइयो। यसरी काम गर्ने प्रवृत्ति खरिद ऐन तथा नियमावलीको मनसाय अनुकुल भएको नदेखिएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ।

४९ उपभोक्ता समितिवाट हेभि मेसिनको प्रयोग

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १३ (क) मा उपभोक्ता समितिले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायी संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारीस गर्नुपर्ने व्यवस्था छ । तर यस कार्यालयले उपभोक्ता समिति मार्फत गराउने गरी उपभोक्ता समितिसँग सम्झौता भएका योजना निर्माण व्यवसायी मार्फत कार्यान्वयन भएको प्राप्त बिल भर्पाईवाट देखिन्छ ।

सार्वजनिक खरिद नियमावलीको नियम, ९७ (९) अनुसार उपभोक्ता समितिवाट हेभी इक्युपमेन्ट प्रयोग गर्नुपर्ने भए सम्बन्धित प्राविधिकको सिफारिसमा मात्र प्रयोग गर्न मिल्ने व्यवस्था रहेको छ। पालिकाले उपभोक्ता समितिबाट ठुला र ह्याभी मेशिनको प्रयोग गरी कमप्याक्सन लगायतका माध्यमबाट काम गराएको छ। यसरी सार्वजनिक खरिद नियमावली को विपरित कार्य गरेको देखिएको, विना प्रतिस्पर्धा काम लिने र आफुले जिम्मा लिएको काम निर्माण व्यवसायीवाट गराउन मिल्ने देखिदैन । केही कार्यमा न्युन रुपमा उपभोक्ताको योगदान मुल्याँकन गरी निर्माण व्यवसायीको विल संलग्न गरी निर्माण व्यवसाधी मार्फत कार्य गराएको नियमसम्मत देखिदैन । कानुनको परिधिभित्र रहेर मात्र कार्य गर्नुपर्ने देखिन्छ। नमुना छनौटका आधारमा देहायका योजनाहरुको कार्यको परिक्षण गर्दा सडक मर्मत तथा ग्राभेल कमप्याक्सन जस्ता ह्याभी कामको लागी विभिन्न उपभोक्ता समितिहरुलाई पटकपटक भुक्तानी दिई बिल पेश गरेको छ ।

५० **उपभोक्ता समितिले निर्माण व्यवसायीबाट काम गराएको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ उप-दफा (१०) मा उपभोक्ता समितिले पाएको काम आफैले गर्नुपर्ने छ र कुनै निर्माण व्यवसायी वा सब-कन्ट्रयाक्टरबाट गराउन सकिने छैन ।सोही दफाको उप-नियम (१३-क) मा उपभोक्ता समितिले कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समितिसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्न निर्माण व्यवसायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले आ.व. २०८०।८१ मा सडक निर्माण, ग्राभेल भर्ने, कल्भर्ट निर्माण तथा सडक मर्मत सम्बन्धी कामहरू उपभोक्ता समितिबाट गराएकोमा देहायका उपभोक्ता समितिले सोझै निर्माण व्यवसायीबाट सामान खरिद गरी तथा काम गराएको र निर्माण व्यवसायीकै बिजक पेश गरेको छ।यस्तो निर्माण कार्यका केहि उदाहरणहरू यस प्रकार छनः

भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	गरेको कार्य	काम गराएको निर्माण व्यवसायीको नाम	पान नम्बनर	लागत अनुमान	श्रमदान कट्टीपछि को भुक्तानी
१०-०८०।६।३०	सडक स्तरोन्नती ग्राभेल कार्य उ.स.	सडक ग्राभेल कार्य वडा नं.७,८ र १२	एस.आर. कन्सट्रक्सन	६०१८९४२९७	८१३६४७२	७२४०७४०
१२-०८०।७।२१	माछा मासु बजार निर्माण तथा व्यवस्थापन कर्य उस	माछा बजारमा टायल्स लगाउने काम	बरहथवा कन्सट्रक्सन प्रालि	६०६६६४३७४	४४००७९४	३८८००००
१६-०८०।७।१	नयाँ नेपालको बैङ्क चौक देखि सोल्टि जाने बाटो\नाला निर्माण उस	नेपालको बैङ्क चौक देखि सोल्टि जाने बाटो नला निर्माण कार्य वडा नं.५	बरहथवा कन्सट्रक्सन प्रालि	६०६६६४३७४	६५१४४६६	५७८८५११
३३४-०८१।३।२१	चौतारा देखि ओपिन्द्र घरसम्म सडक स्तरोन्नती उस	वडा नं१६	राहुल कन्सट्रक्सन	६०१८९५४६७	५३९९२१	४८२६०६
	जममा रकम					१७३९१८५७

५१ **भेरिएशन नगरी फर्म वर्कमा बढी भुक्तानी**

नयाँ नेपाल बैङ्क चौकदेखि सोल्टी जाने बाटो नाला निर्माण कार्यको लागि पालिकाले उपभोक्ता समिति गठन गरी कार्य गराई भौ.नं.१६-०८०।७।१ बाट रू. ५७,८८,५११ भुक्तानी दिएको छ। पालिकाले उक्त कार्यको लागत अनुमान तयार गर्दा फर्मवर्कमा १६३८ व.मि. प्रति वर्गमिटर रू.७३२.५ का दरले रू.११,९९,८३५ निर्धारण गरेकोमा मूल्याङ्कन २१४१.६६ व.मि. गरी

रू.१५,६८,७६३.२ भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले भेरिएसन गरेको पाइएन साथै अन्य कार्य लागत अनुमान जति नै भएको पाइए पनि फर्मवर्कमा बढि भुक्तानीको औचित्य नदेखिएकोले बढि भुक्तानी रकम असुल गर्नुपर्ने रू...

असुल गर्नुपर्ने	३,६८,९२८

५२ **उपभोक्ता समितिले बीमा नगराएको**

सार्वजनिक खरीद नियमावली २०६४ को नियम ९७ को उप-नियम ३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट रू.२० लाख भन्दा बढीको निर्माण कार्य गराउँदा सम्झौता रकममा वीमा गराउनु पर्ने व्यवस्था छ। पालिकाले देहायका रू.२० लाख भन्दा बढीको योजनाहरू उपभोक्ता समितिबाट सम्पन्न गराएकोमा नियमानुसार वीमा गराएको छैन। तसर्थ, पालिकाले उल्लेखित नियमानुसार उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा अनिवार्य बीमा गराई सुरक्षित विकास निर्माण कार्य सञ्चालन तर्फ ध्यान दिनुपर्दछ। नमुना छनौटका आधारमा स्रेस्ता परीक्षण गर्दा देखिएका यस्ता योजनाहरूका केही उदाहरण यस प्रकार छनः

भौ.नं.।मिति	उ.स.को नाम/ कामको विवरण	लागत अनुमान	सहभागिता कट्टी पछि भुक्तानी रकम	कैफियत
१०-०८०।६।३०	सडक स्तरोन्नती ग्राभेल कार्य उ.स.	८१३६४७२	७२४०७४०	
१२-०८०।७।२१	माछा मासु बजार निर्माण तथा व्यवस्थापन कर्य उस	४४००७९४	३८८००००	
१३-०८०।७।१	लालदियर टोलमा कल्भर्ट निर्माण उ.स.	२१४०३९४	१९४००००	
१६-०८०।७।१	नयाँ नेपालको बैङ्क चौक देखि सोल्टि जाने बाटो नाला निर्माण उ.स.	६५१४४६६	५७८८५११	
२८-०८०।७।१	खाद्य गोदाम घर निर्माण उ.स. बरहथवा-५	८४०१८२५	६३०००००	साझेदारी कार्यक्रम
४०-०८०।७।३	सभाहलको कम्पाउन्ड वाल निर्माण उ.स.	२८९४७१९	२५२२०००	
२९९-०८१।३।१८	जन्जलिया चौकदेखि नागथान मन्दिरसम्म बाटो ढलान उ.स.	६१९९६०१	४७०००००	कार्यसम्पन्न

५३ **नगरपालिकामा कालोपत्रे (ठेक्का नं.-NCB-04-2077/78)**

नगरपालिकाले मिति २०७८।१।२४ मा एलिट कन्सट्रक्सन कम्पनी प्रा.लि. सुकेधारा काठमाडौंसँग निर्माण कार्यको अवधि मिति २०७८।८।२८ भित्र सम्पन्न गर्ने गरी मू.अ. कर समेत रू.५,८८,७२,१९१.५३ मा खरिद सम्झौता गरेकोमा आर्थिक वर्ष २०८०।८१ सम्ममा निर्माण कार्यको पाँचौ रनिङ बिल भुक्तानी भएको देखियो। यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः

५३.१ **ठेक्कागत अभिलेख खाताः** पालिकाले ठेक्का व्यवस्थापन भएपश्चात निर्माण कार्यको भुक्तानी अभिलेख व्यवस्थित रुपमा देखिने गरी ठेक्का अभिलेख खाता राखुपर्नेमा राखेको देखिएन। जसबाट हालसम्मको अध्यावधिक भुक्तानी, कार्य सम्पादन जमानत र विमाको म्याद स्थिति, पेश्की बाँकीको स्थिती लगायतका विवरणहरु स्पष्ट नहुने भएकोले ठेक्का गत अभिलेख व्यवस्थापनमा ध्यान दिनुपर्ने देखिन्छ। रनिङ विलहरूको जिम्मेवारी सार्ने क्रममा वास्तविक भन्दा फरक तथा घटिबढी जिम्मेवारी सारेको कारणले बढी भुक्तानी समेत हुन सक्ने देखिएकोले सम्पूर्ण रनिङ विलहरूको भुक्तानी रकमको यकिन गरी रनिङ बिल अद्यावधिक गर्नुपर्ने देखिन्छ।

५३.२ **निर्माण कार्यको बिमा तथा कार्यसम्पादन जमानतः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम त्रुटी सच्याउने अवधि भन्दा १ महिना वढिसम्म म्याद थप भएको कार्यसम्पादन जमानत तथा नियम ११२ अनुसार रु १० लाख भन्दा बढी मुल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले निजलाई निर्माणस्थल सुम्पिएको मिति देखि हस्तान्तरण प्रमाण पत्र जारी गर्ने मिति सम्म निर्माण कार्यको हानी नोक्सानीको जोखिम विरुध्द प्रतिस्थापन खर्चको पन्ध्र प्रतिशतले हुने रकम समेटीने गरी विमा गराउनु पर्ने व्यवस्था छ।

निर्माण कार्यको कार्यपालिकाको बैठक अनुसार म्याद थपिएकोमा विमा तथा कार्यसम्पादन जमानतको म्याद निर्माण कार्यपछिसम्म कायम हुनुपर्नेमा विमाको म्याद २०७९ वैशाख २३ तथा कार्यसम्पादन जमानतको म्याद २०७९ पुष २० सम्म मात्र भएको देखियो। सम्झौता अनुसार विमा तथा कार्यसम्पादनको म्याद कायम हुनुपर्दछ।

५४ **लागत अनुमान तयार नगरेको**

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ को अधिनमा रहि तयार गर्नुपर्ने व्यवस्था छ। पालिकाले वडा नं.१२ अन्तर्गत विभिन्न ठाउँको सडक मर्मत सम्भारको लागि लागत अनुमान नबनाई विभिन्न ठाउँको सडक मर्मत सम्भार उपभोक्ता समितिलाई रू.१८,४३,००० भुक्तानी दिएको छ। स्रेस्ता परीक्षण गर्दा पालिकाले आर्थिक वर्ष २०७८।७९ को योजना जसको कार्यदेश २०७८।११।२३ मा दिएको र २०७९।१।३० मा कार्यसम्पन्न गर्नुपर्ने गरी उपभोक्ता समितिसँग सम्झौता भएको पाइयो। यसरी दुई वर्ष पुरानो योजनाको भुक्तानी चालु आर्थिक वर्षमा दिएको र लागत अनुमान तथा खर्चको प्रमाण पेश नहुनुमा योजना सञ्चालन भएकोमा आश्वस्त हुन सकिएन। अतः दुई वर्ष पुरानो कार्यको भुक्तानी चालु आ.व. मा भएकोले सभाबाट नियमित गराई लागत अनुमान लगायतका खर्चको प्रमाण र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रू.

प्रमाण पेश नगरेको	१८,४३,०००

५५ **ग्राभेल कार्यको गुणस्तर परीक्षण**

नगरपालिकाले यसवर्ष अधिकांश योजना ग्राभेल बिछ्याउने कार्यमा गरेको देखियो । कम्प्याक्सन सहितको दर विश्लेषण गर्दा प्रतिघनिमटर ग्राभेल तयारी कार्यको लागि लुज ग्राभेल, ग्रेडर रोलर र पानी ट्यांकर समेतको दर विश्लेषण गरी दररेट निर्धारण गरी भुक्तानी गरेकोमा नमुना छनौट गरी परिक्षण गर्दा उपभोक्ता समितिबाट भएका निर्माण कार्यको कुनै पनि योजनामा compaction test गरेको देखिएन। पूर्वनिर्धारित स्पेशिफिकेशन तथा लागत अनुमान अनुसार निर्माण कार्य भए नभएको सम्बन्धमा स्पष्ट पार्ने प्राविधिक परीक्षण हुनुपर्ने देखिन्छ।यसका केहि उदाहरणहरू देहायअनुसार छः

गो.भौ.।मिति	योजनाको नाम	वडा नं.	ग्राभेल कार्यको परिमाण घ.मि.	कम्प्याकसन सहितको दर	भुक्तानी रकम
१०-०८०।६।३०	सडक स्तरोन्नती ग्राभेल कार्य उस	७,८ र १२	३८३१	१८३२.३१	७०२०६७२
९१-०८०।१०।५	ग्राभेल कार्य उ.स.	१७	१०१४.२७	१५७८.६२	१६४५३३२
८२-०८०।१०।५	विभिन्न बाटो मर्मत सम्भार बरहथवा उ.स.	१६	४३५.३७	१९६८	८५६८००

५६ **उपभोक्ता समितिलाई बढि भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। पालिकाले देहायका उपभोक्ता समितिलाई उल्लेखित आइटमहरूमा दररेट बढी विश्लेषण गरी भुक्तानी दिएको रकम सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रू...

भौ.नं.।मिति	उपभोक्ता समितिको नाम	आइटम भुक्तानी	कार्य	दिनुपर्ने दररेट	दिएको दररेट	बढी भुक्तानी	उ.स. को १०% कट्टा गरी बढी भुक्तानी
१०-०८०।६।३०	सडक स्तरउन्नती कार्य उ.स. वडा नं.७,८,१२	Providing and laying granular surface, mixing at OMC and compacting	३८३१.३१ घ.मि.	१७१४.४५	१८३२.६	४५२६६९	४०७४०२
		Scarifying the existing road surface to a depth 50mm and disposal of scarified material with all lifts and leads (manual)	१८८६२.७२ व.मि.	२९.५१	३३.४५	७४३१९	६६८८७
		जम्मा रकम					४७४२८९
						असुल गर्नुपर्ने	४,७४,२८९

५७ **१५ शैया अस्पताल**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ ले म्याद थप हुने अवस्था र नियमावली २०६४ को नियम १२० ले म्याद थपका लागी खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।लेखापरीक्षण क्रममा म्याद थप निवेदनका प्रमाण पेश भएको देखिएन।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दस प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ। न्यु ड्रागन निर्माण सेवा प्रा.लि संग रु.१६१३१७१८७ को सम्झौता रहेको यस योजनाको शुरु म्याद २०७९-९-१३ सम्म रहेकोमा म्याद थप गरी २०८० असार कायम गरीए पनि यस वर्ष कुनै भुक्तानी गरेको देखिएन। पालिकाले निर्माण कार्य समय मै सम्पन्न हुनेगरी कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पहल गर्नुपर्दछ।

५८ **वडा ३ पथलैया बजार देखि दक्षिण सीतापुर सम्म सडक ढलान**

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ ले म्याद थप हुने अवस्था र नियमावली २०६४ को नियम १२० ले म्याद थपका लागी खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।लेखापरीक्षण क्रममा म्याद थप निवेदनका प्रमाण पेश भएको देखिएन।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दस प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ।पालिकाले निर्माण व्यवसायी प्रिसा निर्माण सेवा संग रु.३४९२०८० को सम्झौता गरी २०८१ असार १० सम्म सम्पन्न म्याद रहेकोमा सो योजनाको काम शुरु भएको देखिएन।सम्पन्न हुने म्याद सकिंदा समेत काम शुरु नहुँदा योजना नै रुग्न हुने जोखिम देखिन्छ।पालिकाले निर्माण कार्य समय मै सम्पन्न हुनेगरी कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पहल गर्नुपर्दछ।

५९ **दलित आवास योजना**

पालिकाले संघीय समपुरक अनुदान बाट ५०% र नगरपालिका सहभागिता ५०% रहने गरी १५ वटा घरका लागि ठेक्का व्यवस्थापन गरी शबनम कन्स्ट्रक्सन संग रु. रु.११६६७६२७ को सम्झौता गरेको छ।सो सम्बन्धमा देखिएका व्यहोरा:

५९.१ **कार्यविधि**

दलित आवास योजनाका लागि प्रयोग गरिने जग्गा, सो जग्गाको स्वामित्वका विषय, लाभग्राही छनोटका आधार र निर्माण पछी घर हस्तान्तरण लगायतका कार्य व्यवस्थित गर्न पालिकाले कार्यविधि बनाउनु पर्दछ। पालिकाले कार्यविधि नबनाई घर निर्माण कार्य शुरु

गरेको छ भने सो जग्गा ऐलानी रहेको पालिकाको भनाई रहेको छ।पालिकाले योजनालाई व्यवस्थित गर्न कार्यविधि तर्जुमा गरी मात्र यस्ता योजना संचालन गर्नुपर्दछ।

५९.२ म्यादथप

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ ले म्याद थप हुने अवस्था र नियमावली २०६४ को नियम १२० ले म्याद थपका लागी खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।लेखापरीक्षण क्रममा म्याद थप निवेदनका प्रमाण पेश भएको देखिएन।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दस प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ यस योजनामा २०८१-३-१५ सम्म म्याद रहेकोमा हालसम्म रु.११४१३६५३ भुक्तानी भएको र कार्यसम्पन्न भइ नसकेकोले सो कार्य समय मै सम्पन्न हुनेगरी कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पहल गर्नुपर्दछ।

५९.३ भेरिएशन

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५४ र नियमावलीको नियम ११८(१)मा खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति वा सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई भेरिएशन जारी गर्न सक्ने व्यवस्था गरेको छ। पालिकाले प्रशासकीय भवनको बील बापत शवनम कन्ट्रक्सन लाई भुक्तानी गर्दा कानून बमोजिम भेरिएशन आदेश स्वीकृत नगरी देहायको आइटममा परिमाण बढाई भुक्तानी गरेको देखियो।Bill of Quantities मा उल्लेखित परिमाण भन्दा नापी किताबमा बढी परिमाण देखाई गरिएको भुक्तानीको स्वीकृत भेरिएशन आदेश पेश गर्ने अन्यथा असुल गर्ने रु

आइटम	Bill of Quantities	नापी किताब	दर	बढी भुक्तानी
CGI color	३२१	८५४	रु.२०००	रु.१०६६०००
0.38mm color ridge plain sheet	०	२७८.८८	९६१.८६	रु.२६८२४१
जम्मा				रु.१३३४२४१

प्रमाण पेश नगरेको	१३,३४,२४१

५९.४ प्रमाण पेश गर्ने

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रु **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६० गरिब तथा सिमान्तकृत बस्तीहरुमा खानेपानी विस्तार कार्यक्रम

सार्वजनिक खरिद ऐन २०६३ को दफा ५६ ले म्याद थप हुने अवस्था र नियमावली २०६४ को नियम १२० ले म्याद थपका लागी खरिद सम्झौताको म्याद सकिनु कम्तीमा एक्काइस दिन अगावै संशोधित कार्यतालिका सहित सम्बन्धित सार्वजनिक निकायमा अवधि थपको लागि निवेदन दिनुपर्ने व्यवस्था गरेको छ।लेखापरीक्षण क्रममा म्याद थप निवेदनका प्रमाण पेश भएको देखिएन।सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१ मा निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दस प्रतिशतमा नबढ्ने गरी साधारणतया प्रति दिन सम्झौता रकमको शून्य दसमलब शून्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनु पर्ने व्यवस्था छ।पालिकाले ए पी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिंग सोलुशन प्रा.लि. संग रु.९३४२११२.२८ को सम्झौता गरी २०८१ असार ७ सम्म म्याद दिएकोमा हालसम्म

रु.७७३९३७६ भुक्तानी भएको देखिन्छ भने म्याद समेत गुज्रिसकेको छ।पालिकाले सो निर्माण समय मै सम्पन्न हुनेगरी कानून बमोजिमको प्रक्रिया अवलम्बन गरी पहल गर्नुपर्दछ।

कार्यसम्पादन जमानत

सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा जमानत दाखिला गर्दा बोलपत्रदाताले लागत अनुमानभन्दा पन्ध्र प्रतिशतसम्म कम अंक कबुल गरेमा कबुल अंकको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अंकको पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बागत दाखिला गर्नुपर्ने प्रावधान छ। ए पी कन्स्ट्रक्सन एण्ड इन्जिनियरिंग सोलुशन प्रा.लि. ले कबोल गरेको रकम लागत अनुमान भन्दा ३०% घटी रहेको र सो बमोजिम कार्यसम्पादन जमानत रु.१५०००० हुनुपर्नेमा रु. रु.१०९२२४२ को मात्र पेश भएकोले थप रकम रु.४०७७५८ को कार्यसम्पादन जमानत पेस गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	४,०७,७५८

६१ कर तथा शुल्क असुली

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ।

आम्दानी शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
सम्पती कर	०	०	०
भुमिकर/मालपोत	३०००००००	१७३०२१४.४६	५७.६७
वहाल कर	१५०००००	२२४१६२२.५५	१४९.४४
वहाल विटौरी कर	१००००००	३३३३३५३.१५	३३३.३४
अन्य कर	५०००००	०	०
सरकारी सम्पत्तीको वहालबाट प्राप्त आय	११००००००	१२०००	०.११
सरकारी सम्पतीको बिक्रीबाट प्राप्त रकम	३००००००००	०	०
न्यायिक दस्तूर	५००००	२००	०.४
शिक्षा क्षेत्रको आम्दानी	३०००००	१३२५००	४४.१७
परीक्षा शुल्क	६००००	१०५००	१७.५
अन्य प्रशासनिक सेवा शुल्क	१०००००	१७६०००	१७६
पार्किङ्ग शुल्क	५००००	०	०
नक्सापास दस्तुर	१००००००	९११९०७.५६	९१.२०
सिफारिश दस्तुर	२५०००००	२२८५२४०.१७	९१.४५
व्यक्तिगत घटना दर्ता दस्तुर	२०००००	५२१३००	२६०.६५
नाता प्रमाणित दस्तुर	१०००००	३१५३५०	३१५.३५
अन्य दस्तुर	६९०००००	४१२९२३२.२५	५९.८४
व्यावसाय रजिष्ट्रेशन दस्तुर	१५०००००	८३७२००	५५.८१
रेडियो/ एफ.एम.सञ्चालन दस्तुर	२०००	५०००	२५०
अन्य क्षेत्रको आय	०	७७४५.३८	०
न्यायिक दण्ड जरिवाना र जफत	१००००	६२०	६।२
प्रशासनिक दण्ड जरिवाना र जफत	५००००	५१५७०.५	१०३.१४
अन्य राजस्व	०	३१४१०००	०
व्यवसाय कर	०	०	०
बेरूजू	०	३३१३०००	०
जम्मा	५९८२२०००	२३१५५५५६.०२	३८.७१

नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

६२ **राजश्व असुली**

(✂ ….. कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **८५,८२२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

६३ **सवारी साधन भाडा**

नगरपालिका मा रहेको विभिन्न सवारी साधनबाट संकलित आयविवरण निम्न बमोजिम रहेकोमा पालिकाले आफ्ना सवारी साधन लाई पूर्ण रुपले उपयोगमा ल्याउन सकेको देखिएन यसरी सवारी साधन परिचलन सम्बन्धि कार्यविधी बनाई आम्दानीको स्रोत लाई अभिबृद्धि गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

सवारी साधन	संख्या	संकलित आय	कैफियत
ग्रेडर	१	३६३०००	केहि दाखिला भौचर प्राप्त भए पनि रसिद नियन्त्रण खाता ईन्धन लगबुक खडा नगरेको।
रोलर	१	२५६०००	
जेसिवी	१	०	ईन्धन तथा मर्मत खर्च लेखेको तर आम्दानी नजनाएको पालिकाको आर्थिक ऐन २०८० मा भाडाको दर तोकेए पनि भाडामा नलगाएको।
ट्रिपर	१	०	लगबुक नरहेको ईन्धन तथा मम्मर्मत खर्च लेखेको।
ट्याक्टर	२	०	
पानी ट्याङ्की	२	०	
जम्मा		६१९०००	

६४ **नदिजन्य पदार्थ बिक्रि**

पालिकाले नगर क्षेत्र भित्र पर्ने बागमती खोलाको नदिजन्य पदार्थ बिक्रीका लागि रु.३४३१३३०८ न्युनतम कबोल रकम कायम गरी सूचना आव्हान गरेकोमा ठेक्का व्यवस्थापन नभई घाटको आधारमा तीन प्याकेजमा देहाय बमोजिम सूचना आव्हान गरेको देखिन्छ । तीन घाट बनाई गरिएको ठेक्का व्यवस्थापनमा हजरिया बागमती बजारघाट मात्र रु.८५५०००० मा ठेक्का लागेको देखियो। सो सम्बन्धि व्यहोरा:

घाट	परिमाण (घन फिट)	न्युनतम कबोल अंक
हजरिया बागमती बजारघाट	५५०२०७४	रु.८३०८१३२
भलाह टोल घाट	९७४००१४	रु.१४७०७४२१
टोकार टोल घाट	७४८१९५७	रु.११२९७७५५

६४.१ **उत्खनन परिमाण नियन्त्रण**

ढुंगा गिट्टी बालुवा उत्खनन् ,बिक्रि तथा व्यवस्थापन सम्बन्धि मापदण्ड २०७७ को बुँदा ७ मा सम्बन्धित पालिकाले उत्खनन वा संकलन गर्न तोकिएको स्थलमा स्वीकृत परिमान भन्दा बढी उत्खनन् र संकलन हुन नदिन उत्खनन आदेश दिनुपूर्व प्राबिधिक बाट नापजाँच तथा रेखांकन गरी लाइन लेभल समेत दिनुपर्ने र सम्बन्धित उत्खनन् / संकलन कर्ताले परिमाणको दैनिक अभिलेख राख्नुपर्ने व्यवस्था छ । ठेक्का लागेको घाट मा ५५०२०७४ घनफिट उत्खनन गर्न पाउने गरी ठेक्का व्यवस्थापन गरेकोमा परिमाण नियन्त्रण गर्न नापजाँच तथा रेखांकन गरी लाइन लेभल समेत दिनुपर्ने मा सो दिएको प्रमाण संलग्न छैन भने सम्बन्धित उत्खनन् / संकलन कर्ताले परिमाणको दैनिक अभिलेख राखेको पनि देखिएन।सो सम्बन्धमा पालिकास्तर बाट समेत अनुगमन गरी गराई प्राबिधिक प्रतिबेदन लिने गरेको देखिएन। बिक्रि गरिएका पदार्थ यकिन गर्न पालिका बाटै ठेकेदारको रसिद प्रमाणित गर्ने र प्रमाणित रसिदको अभिलेख राख्ने काम समेत भएको

छैन।कुनै किसिमको नियन्त्रणको बिधि प्रयोग नगरिएकोले सम्बन्धित ठेक्का बाट स्वीकृत परिमाण बमोजिमको मात्र नदिजन्य पदार्थ उत्खनन भएको भनि आश्वस्त हुन सकिएन।उत्खनन् भएको वास्तविक परिमाण पालिका बाटै यकिन गरिनु पर्ने देखिन्छ।साथै प्रभावकारी अनुगमन नहुँदा ठेक्का नलागेका अन्य घाटमा समेत अबैध उत्खनन् भएको देखियो हुने जोखिम पालिकाले स्वीकृत परिमाण बमोजिम मात्र उत्खनन् हुने सुनिश्चितताका लागि नियमित अनुगमन, रसिद नियन्त्रण लगायतका बिधि प्रयोग गर्नुपर्दछ।

६४.२ आय ठेक्कामा मूल्य अभिवृद्धि कर

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **१,२३९,७५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६४.३ राजश्व बाँडफाँड

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-१** को निर्णयले रू **३,०७८,०८०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६४.४ वातावरणीय प्रभाव मूल्यांकन अवधी

ढुंगा गिट्टी बालुवा उत्खनन्, बिक्रि तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७९(पहिलो संशोधन) को बुँदा न. १३ मा स्वीकृत वातावरणीय अध्ययन प्रतिबेदनको मान्य अवधी तीन वर्षको हुने प्रावधान छ।पालिकाले ५ वर्षे प्रस्ताव सहित वन तथा वातावरण मन्त्रालयमा स्वीकृतिका लागि पठाएकोमा मन्त्रालय बाट समेत ५ वर्ष कै लागि वातावरणीय प्रभाव मूल्यांकन स्वीकृति दिएको देखियो। कानूनले निर्धारण गरेको अवधीको लागि मात्र वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्दछ।

६५ सेवा प्रवाह र आम्दानी

पालिकाले नाता प्रमाणित, घरबाटो सिफारिस, व्यक्तिगत घटना दर्ता सिफारिस लगायतको दस्तुर संकलन गरेकोमा के कति संख्यामा उक्त सेवाहरु प्रवाह गर्यो भन्ने खुल्ने सेवा प्रवाहको विवरण तयार गरी पेश गर्न नसकेको कारण सेवा प्रवाह र संकलित राजश्वको तुलनात्मक विष्लेषण गर्न सकिएन । सेवा प्रवाहको विवरण तयार गर्ने परिपाटी तर्फ पालिकाको ध्यान जानुपर्ने देखिन्छ।

६६ सटर भाडा

नगरपालिका मातहतका विभिन्न सटरहरु भाडा बापत विगत आ.व. र यस आ.व.मा उठ्न बाँकी बक्यौता रकम भनि रु.६००२१४५ बराबरको राजस्व उठ्नुपर्नेमा लेखापरीक्षणको अवधी सम्म सो रकम उठेको पाइएन।यस आर्थिक वर्षको राजस्व रु.३०४४३०८ उठ्न बाँकी रकम असुल गर्नुपर्ने रु.

नाम	किसिम	समझौता रकम बार्षिक	विगत.आ.व.को भाडा बाँकी	यस.आ.ब.को उठ्न बाँकी	जम्मा बाँकी
गान्धी दास	सटर नं १	४३२०१२	६४८०१८	४३२०१२	१०८००३०
राम नाथसिह रौनियार	सटर नं ७	२१००००	३१५०००	२१००००	५२५०००
संजिव कुमार साह	सटर नं २	१५७८१२	२२६७१८	१५७८१२	३८४५३०
संन्जय शाह वानिया	सटर नं ३	१५५९८८	२३३९८२	१५५९८८	३८९९७०
विन्दा कुमारी साह	सटर नं ४	२५३८१२	३८०७१८	२५३८१२	६३४५३०
सुमित कुमार दत्त	सटर नं ६	१४७०००	०	१२२५०	१२२५०
सुरेश कुमार साह	सटर नं ५	१६२०००	२४३०००	१६२०००	४०५०००
रास नारायण साह कानु	सटर नं १०	७३३३२	१०९९९८	७३३३२	१८३३३०
ममता चौधरी	सटर नं १	१८००१२	१८००१२	१८००१२	३६००२४
उर्मिला देवी	सटर नं २	१८६०००	१००००	१८६०००	१९६०००
लालबावु साह	सटर नं ३	१८१८१२	०	१८१८१२	१८१८१२
विरेन्द्र साह	सटर नं ५	१२६०००	०	१२६०००	१२६०००
फेकुरा राय	सटर नं ७	११४०००	०	११४०००	११४०००
ममता चौधरी	सटर नं ८	१३२०१२	०	१३२०१२	१३२०१२
श्री चक्र जनता सहिद गंगा माध्यमिक विद्यालय	सटर भडा	५६९७६६	५६९७६६	५६९७६६	११३९५३२
होस नारायण शाहा	सटर नं ६	९७५००	४०६२५	९७५००	१३८१२५
जम्मा			२९५७८३७	३०४४३०८	६००२१४५

असुल गर्नुपर्ने	३०,४४,३०८

६७ **पोखरीको आम्दानी**

नगरपालिकाले उपलब्ध गराएको विवरण अनुसार यस आर्थिक बर्षमा उठ्न बाँकी राजस्व र विगतमा उठ्न बाँकी राजस्व विवरण अनुसार जम्मा रु. २४११३७ नगरपालिकाको राजस्व उठ्न बाँकी देखिन्छ। सो मध्ये विगत आर्थिक बर्षमा उठ्न बाँकी राजस्व गत विगतको महालेखा परीक्षकको अन्तिम प्रतिवेदनमा उल्लेख गरेकोले यस आर्थिक बर्षमा उठ्न बाँकी राजस्व ठेकेदार तथा व्यक्ति संग राजस्व असुल गरि आन्तरिक राजस्व खातामा दाखिला गर्नुपर्ने रु.

ठेकेदार	पोखरी नाम	कबोल अंक	विगत आ.ब.को राजस्व उठ्न बाँकी	यस आ.ब.को राजस्व उठ्न बाँकी (२०८०/८१)	जम्मा
बुनु माछापालन कृषि फर्म	कटानी पोखरी	३५१०००	१२०५६८।५	१२०५६८	२४११३७

असुल गर्नुपर्ने	१,२०,५६८

६८ **ब्यवसाय कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.८३७२०० कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक नगरेको कारण सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । पालिकाले राजस्व सुधार योजना बनाइ आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका अन्य सम्पूर्ण व्यवसायीहरुको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।

६९ **विद्यालय संञ्चालन तथा व्यवस्थापन अनुदान**

विद्यालय संञ्चालन तथा व्यवस्थापन अनुदान- शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय संञ्चालन तथा व्यवस्थापन अनुदान दिने उल्लेख छ।पालिकाबाट विभिन्न ४० बटा विद्यालयहरुलाई विद्यालय संञ्चालन तथा व्यवस्थापन अनुदान,माध्यमिक तहमा सञ्चालित विद्याललयको सामाजिक परीक्षण तथा आर्थिक परीक्षण, विद्यालय तथ्याङ्क व्यस्थापन, बुलेटिन प्रकाशन, ईन्टरनेट जडानको लागि गो.भौ. नं.१४१-०१।२२ बाट रु.१५६७०००।-निकासा गरेको छ,सो को प्रतिवेदन सम्बन्धमा समयमै विद्यालयले लेखापरीक्षक नियुक्ति गरी प्रतिवेदन पेश गर्ने तर्फ विद्यालयले ध्यान दिनु पर्दछ।

७० **नमुना विद्यालय शैक्षिक तथा व्यवस्थापकीय अनुदान**

कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ अनुसार नमूना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियनका लागि कार्यसम्पादनमा आधारित कार्यक्रमको अनुसूची १० को खण्ड "क" "ख" र "ग" मा उल्लेखित स्वीकृत गुरुयोजनाका आधारमा प्रति विद्यालय ३० लाख देखि ५० लाख सम्म अनुदान दिने व्यवस्था छ। नगरपालिकाले भौ.नं.१९९-०८१।३।६ बाट श्री महेन्द्र रत्न जगरनाथ लक्ष्मिनियाँ नमुना विद्यालयलाई रु.४५ लाख निकासा दिएको छ। नमूना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका,२०७४(संशोधनसहित) मा उल्लेखित तत्कालिन रुपमा शैक्षिक सुधार हुने क्रियाकलापहरु निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रवास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पुरा गर्ने लगायतका कार्यक्रमहरु गर्न भौतिक पूर्वाधार विकासका लागि विनियोजित बजेटको कार्य प्रगतिसहित आवश्यक बजेटसहितको प्रस्ताव विद्यालयबाट पेश गर्न लगाउने र यस आर्थिक वर्षमा सम्पादन गर्ने कार्यक्रम निर्धारण गरी स्थानीय तह र विद्यालयबिच सम्झौता गरी अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख छ। अन्तिम लेखापरीक्षणको क्रममा विद्यालयले उक्त अनुदान रकम २०८०।८१ मा खर्च नभएकोले विद्यालय खातामा सञ्चित रहेको जानकारी गराएको छ। अतः संघीय सशर्त अनुदानबाट प्रत्येक वर्ष आउने बजेट आर्थिक वर्षको अन्त्यसम्म खर्च नभए नियमानुसार सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था छ। विद्यालय व्यवस्थापन र सञ्चालनको लागि नेपाल सरकारबाट दिएको अनुदान विद्यालयको गुरू योजना अनुरूप कार्यसम्पादन भएको प्रमाण पेश हुनुपर्ने रू...

प्रमाण पेश नगरेको	४५,००,०००

७१ **तलब निकासा**

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०/८१ मा स्थानीय तहले कार्यरत शिक्षकको तलब भत्ता सम्बन्धी एकीन विवरण शिक्षा विकास तथा समन्वय इकाईबाट प्राप्त गरी वा अद्यावधिक गरि सोहि अनुसार दरबन्दि, राहत र प्राविधिक धारतर्फका अनुदानमा कार्यरत शिक्षक तथा प्रशिक्षकहरुका लागि विद्यालयबाट प्राप्त माग फारम रुजुगरी अनुदान निकासा गर्ने व्यवस्था छ । यस नगरपालिकाले स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गराइ सो बमोजिम निकासा गर्नुपर्नेमा सो नगरेको, शिक्षक सरुवा बढुवा, राजिनामा, अवकाश लगायतको एकिकृत विवरण पेश नगरेको तथा विद्यालयको माग फारमलाइ मात्र आधार लिइ ४० वटा विद्यालयलाई रु.१२२९५३५१४।- तलब निकासा गरेको पाइयो । लेखापरीक्षण योजना बमोजिम २५ प्रतिशत विद्यालयको माग फारम बमोजिमको निकासा भिडान गरिएको छ । कार्यक्रम कार्यान्वियन पुस्तिकाको व्यवस्था विपरित तलबी प्रतिवेदन बेगर तलब निकासा गरेकोमा ग्रेड भिडान तथा दरबन्दि बमोजिमको निकासा भिडान गर्न सकिएन । तलवी प्रतिवेदन पारित गराइ विद्यालयबाट प्राप्त माग फारम रुजु गरी अनुदान निकासा गर्ने पद्धती अवलम्वन गर्नुपर्दछ ।

७२ **स्यानेटरी प्याड खरिद**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ६-१२ सम्मका छात्राहरुका लागि निशुल्क स्यानेटरी प्याड वितरणको व्यवस्था छ। नगरपालिकाले यस वर्ष भौ.नं. १७८-२०८१/३/२३ बाट रु. २०.८५ प्रति प्याकेट (मू.अ. कर समेत) का दरले ४८२७६ प्याकेट स्यानेटरी प्याड रु.१०,०६,४८२ मा बोलपत्र विधिबाट हेल्थ एण्ड हाइजिन प्रोडक्ट प्रा.लि. (६०६८४५९८८) बाट PADelux premium sanitary pad खरिद गरेको छ। यस सम्बन्धमा देखिएका व्यहोराहरु यस प्रकार रहेका छन्ः

- सार्वजनिक खरिद नियमावली २०६४ कोञ नियम (११) अनुसार कुनै पनि सार्वजनिक निकायले मालसामान खरिद गर्नु पूर्व लागत अनुमान तयार गर्नुपर्नेमा पालिकाले बजेटलाई नै आधार मानी स्यानेटरी प्याड खरिद गरेको छ। नियमावलीको व्यवस्था अनुसार स्पेशिफिकेशन सहितको लागत अनुमान स्वीकृत गराई मात्र खरिद कार्य गर्ने तर्फ पालिकाले ध्यान पुर्याउनुपर्दछ।
- स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को बुदाँ नं. ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ । साथै बुदाँ नं. ५ मा स्यानिटरी प्याड त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा एकमुष्ट खरिद गरि लेखापरीक्षणको अवधिसम्म पनि १५००० प्याकेट मौज्दातमा रहेको पालिकाको भनाइ छ। खरिद गरेको प्याडको गुणस्तर परीक्षण नगरी भण्डारण राखेकोले प्याडको गुणस्तरप्रति पालिकाले आश्वस्त गर्नुपर्दछ ।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा गुणस्तरीय प्याड मात्र खरिद गर्नुपर्दछ। साथै पालिकाले सम्बन्धित विद्यालयहरुले आफ्नो जिन्सी खातामा आम्दानी बाँधेको र विद्यार्थीहरुलाई वितरण गरेको यकिन गर्नुपर्दछ ।

७३ विद्यालयगत निकासा

विद्यालय कार्यक्रम संचालन सम्बन्धी व्यवस्था अनुसार पालिकाले प्रत्येक बिद्यालयलाई निकासा जाने सबै रकमहरु देखिने गरी बिद्यालयगत निकासा खाता अध्यावधिक गरी राख्नु पर्ने व्यवस्था छ ।पालिकाले विद्यालयगत निकासा खाता तयार गरेको देखिएन। यसबाट निकासाका रुपमा जाने तलव, भत्ता र बिभिन्न अनुदान रकमहरुको बिद्यालयगत स्थिति स्पष्ट हुने गरी भिडान गर्न सकिएन। अतः बिद्यालयलाई जाने सबै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी बिद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गर्नुपर्दछ।

७४ दिवा खाजा

शिक्षा तथा मानव श्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन पुस्तिका २०८० को क्रियाकलापन २.७.११.१ मा दिवा खाजाको व्यवस्थापनका लागि स्थानीय तहले सबै प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यालयहरुमा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयार र खाजा तथा व्यवस्थापन विधिको छनौट गरी खाजा मापदण्ड बमोजिमको हुनेगरी विद्यालयकै सहयोगी कर्मचारीबाट वा आमा समूह बनाई वा स्थानीय तहले पहिचान गरेको अन्य मोडेलबाट खाजा खुवाउनुपर्ने तथा सो अनुसार विद्यालयले दिवा खाजा खुवाए नखुवाएको स्थानीय तहबाट निरीक्षण अनुगमन गर्नुपर्ने तथा अनुगमन निरीक्षणबाट देखिएको व्यहोरा अनुगमन निरीक्षण पुस्तिका खडा गरी राय सुझाव समेत दिनुपर्ने उल्लेख गरेको छ।पालिकाले यसवर्ष गो.भौ.नं.३३ र १७१ बाट तथा छुट ६ विद्यालयको गो.भौ.नं.१९८ बाटगरी दुई किस्तामा ४० वटा विद्यालयको खातामा रु.१७२९५१२०।-निकासा खर्च लेखेको छ। यस सम्बन्धमा पालिकाले नियमित अनुगमन गरी बास्तवीक उपस्थित विद्यार्थी संख्याको आधारमा गणना गरी दिवा खाजा निकासा गर्नुपर्दछ ।

७५ पाठयपुस्तक अनुदान

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **८,२१३** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७६ **छात्रवृति**

बर्षभरी पालिकाले ४० विद्यालयलाई कक्षा ८ सम्मका छात्रा र दलित छात्र लाई मासिक ४०० का दरले तथा लक्षित समुहको लागी रु ५०० का दरले गो.भौ.नं.१७०-०२।२७ बाट जम्मा रु.२३६५९००।- छात्रवृत्ति बापत खर्च लेखको छ। लेखापरीक्षण अवधिभर निम्न विद्यालयको छात्रवृत्ति भर्पाई पेश नभएकाले उक्त छात्रवृत्ति भर्पाई पेश हुनुपर्ने रु.

सि.न.	विद्यालयको नाम	छात्र वृति रकम
१	चक्र जनता शहिद गंगा मा.वि	२३६८००
२	आधारभूत विद्यालय हजरिया	१७३२००
३	प्रा. वि.चौरासी हजरिया	५४१००
४	जनता प्रा.वि.हजरिया	५०४००
५	सरस्वति मावि हजरिया	२११६००
६	रामचन्द्र सार्वजनिक प्रा.वि गंगापुर	३६८००
७	सामुदायिक प्रा.वि जानकीनगर	२३२००
८	जनतामावि रामनगर हिरापुर	१९६०००
९	जनता प्रा.वि भगवानपुर	१०४००
१०	म .र.ज.ल.मा.वि सितापुर	२०७६००
११	मु.ग.रा.ज.मा.वि मुर्तिया	१३२०००
१२	सामुदायिक प्रा.वि प्रतिटोल	४८०००
१३	दुर्गा सरस्वति ज.मा.वि.किसनपुर कटानी	१२१२००
१४	प्रा. वि.हिरापुर सु.चु	३१२००
१५	आधारभूत विद्यालय हर्पुर्वा	१२९०००
१६	प्रा. वि.सैदपुर पतरकी बजार	३०४००
	जम्मा	१६९१९००

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२१** को निर्णयले रू **९७,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **६७,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **२९,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **२७,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **२२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **४१,९००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **५१,६००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **२५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-५** को निर्णयले रू **२२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **५८,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-५** को निर्णयले रू **३५,५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **७०,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **१६,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **२३,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **४०,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **४४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	१६,९१,९००

७७ **छात्र वृतिमा बढी निकासा**

.

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **१४,८००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-१३** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

७८ **प्राविधिक धारका विद्यालयलाई अनुदान**

कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं.२.७.१३.५० मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थाका लागि विद्यालयलाई अनुदान शिर्षकको बूँदा नं. २.७ मा प्राविधिक धार सञ्चालित कक्षा (९-१२) सम्म चलेका विद्यालयलाई शिक्षण सिकाइ सामग्री तथा Lab assistant, Equipment and Practical Materials व्यवस्थापनको लागि

प्रति विद्यार्थी रू.१५००० अनुदान दिने व्यवस्था छ ।यस सम्बन्धमा स्थानीय तहले अनुदान वितरण गर्नुपूर्व साविकको शिक्षा विभाग तथा हालको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट प्राविधिक धार सञ्चालन अनुदान प्राप्त गर्ने निर्णय भएका अनुसूची ११ मा उल्लेखित विद्यालयहरू तोकिएको मापदण्ड अनुसार सञ्चालन भए नभएको अनुगमन गर्ने, यस प्रकृतिका विद्यालयमा अध्ययनरत कक्षा ९-१२ सम्मका विद्यार्थी सङ्ख्या यकिन गरी शिक्षण सिकाइ सामग्री, ल्याव असिष्टेण्टका लागि पारिश्रमिक, उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन तथा व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी रू. १५,०००/- का दरले हुन आउने रकम एकमुष्ट रूपमा विद्यालयलाई अनुदान दिने व्यवस्था रहेकोमा नगरपालिकाले कम्प्युटर ईन्जिनियरिङ्ग धारको लागि भौ.नं. २३०-०८१।३।८ बाट महेन्द्र रत्न जगरनाथ लक्ष्मिनियाँ माध्यमिक विद्यालयलाई रु.११,००,००० निकासा दिएको छ। यस सम्बन्धमा देखिएको व्यहोरा देहायनुसार छन्-

७८.१ संघीय सशर्त अनुदानबाट प्रत्येक वर्ष आउने बजेट आर्थिक वर्षको अन्त्यसम्म खर्च नभए सम्बन्धित सरकारलाई फिर्ता गर्नुपर्ने व्यवस्था अनुसार खर्च नभएको उक्त रकम संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने रू.

असुल गर्नुपर्ने	११,००,०००

७८.२

- श्रेस्ता परीक्षण गर्दा नियमानुसार प्राविधिक धारको विद्यार्थीको लागि प्रा.वि. तृतिय तहको सेवा सुविधा दिने एक जना ल्याव असिस्टेन्ट नियुक्ती गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले ल्याव असिस्टेन्ट नियुक्ती गरेको देखिएन।
- कार्यान्वियन पुस्तिका अनुसार OJT वापतको कक्षा ९-११ सम्म ३ महिना र १२ लाई ६ महिनाको लागि प्रति विद्यार्थी रु.१००० का दरले OJT अभ्यासको लागि विद्यार्थीको बैङ्क खातामा रकम उपलब्ध गराउनुपर्नेमा विद्यालयले OJT समेत गरेको पाइएन।
- सम्बन्धित विद्यालयका प्रशिक्षकहरूबाट आन्तरिक अनुगमन सहजीकरणको लागि बढीमा ३ महिनाका लागि १ पटक, ६ महिनाका लागि ३ पटक गर्नुपर्नेमा सो भएको देखिएन। व्यावहारिक अभ्यासका लागि निर्धारित ढाँचा अनुसार वर्षमा एकपटक बाह्य अनुगमन मूल्याङ्कन गर्नुपर्नेमा सो पनि नभएको, साथै बचत रकमबाट ल्यावमा प्रयोग हुने दैनिक सामग्रीका अतिरिक्त विद्यार्थीका लागि पाठ्यपुस्तक/पाठ्यसामग्री लगायतका शिक्षण सिकाइ सामग्री व्यवस्थापनमा विद्यालयले खर्च गर्नुपर्नेमा विद्यालयले उक्त अनुदानबाट उल्लेखित कुनै पनि काम नगरेको पाइयो।

७९ CTEVT लाई प्राविधिक अनुदान

प्राविधिक शिक्षा सञ्चालनको लागि स्थानीय तह मार्मफत अनुदान वितरण मापदण्ड,२०८० को बूँदा नं. ३ मा अनुदान रकम माग गर्दा शिक्षालयले प्रशिक्षक, प्रशिक्षार्थी, विद्यालयको भौतिक अवस्था, प्रयोगात्मक स्थल, शिक्षालय-औधोगिक प्रितष्ठान सम्बन्ध, उतीर्ण प्रशिक्षार्थीको रोजगारीको अवस्था लगायतका विषयवस्तु खुल्नेगरी विद्यूतीय प्रणालीबाट जारी भएको प्रतिवेदनका साथै अन्तिम परीक्षामा सामेल भएका परीक्षार्थीहरूको विवरण वा मार्क लेजर र अनुदान रकम परिचालन गरिने क्षेत्रमा रकम वाडँफाँडको विवरण लगायतका कागजात पेश गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायका विद्यालयलाई CTEVT प्राविधिक अनुदानको लागि भौ.नं. १३३-०८१।१।१३ बाट प्रति विद्यालय ७/७ लाख गरी कुल रू.१४ लाख निकासा दिएको छ। विद्यालयले अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि उक्त अनुदान रकम CTEVT मापदण्ड बमोजिम खर्च भएको प्रमाण पेश गरेको छैन। नियमानुसार देहायका विद्यालयहरूले खर्चको प्रमाण पेश गर्नुपर्ने रू...

क्र.सं.	विद्यालयको नाम	अनुदान रकम
१	श्री चक्र जनता शहिद गंगा माध्यमिक विद्यालय, बरहथवा	७००००
२	श्री सरस्वती माध्यमिक विद्यालय	७००००
	जम्मा रकम	१४०००००

प्रमाण पेश नगरेको	१४,००,०००

८० तलवी प्रतिवेदन

स्वास्थ्य ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ रु. ३८५१५७०९ खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्दा पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ।

८१ दैनिक भ्रमण

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **२२,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८२ न्यानो झोला खरिद

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७८।७९ मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शन, २०७८ को दफा १३ (पृष्ठ १५९) मा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरूले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नु पर्ने व्यवस्था छ। नगरपालिकाले यस बर्थिङ्ग सेन्टरको लागि भौ.नं. १७९-२०८१।२।३२ बाट ए. यस सप्लायर्स (६१३०२९६३०) बाट ५५५ थान न्यानो झोला रु. ८९३.८३ का दरले खरिद गरी रु.४,९६,०७५ र भौ.नं.७-०८०।७।१ बाट असम सिलाई सेन्टर एण्ड कलेक्शन (६१०९१८१११) बाट १११६ थान न्यानो झोला रू.८९५.९९ का दरले रू.९,९९,९३५ गरी जम्मा १६७१ थान न्यानो झोलाको लागि कुल रू.१४,९६,०१० भुक्तानी दिएको छ।यस सम्बन्धमा देखिएका व्यहोराहरू यस प्रकार छनः

- सार्वजनिक खरिद ऐन,२०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुनेगरी खरिद गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा एक आर्थिक वर्षमा एकै पटक वा पटकपटक गरी सो उपनियमहरुमा उल्लेखित सीमा भन्दा बढी रकमको सोझै खरिद गर्न नसक्ने व्यवस्था छ। पालिकाले १० लाख भन्दा बढिका न्यानो झोला खरिदको माग र आवश्यकताको आधारम एकै पटक लागत अनुमान तयार गरी प्रतिस्पर्धात्मक विधिबाट खरिद गर्नुपर्नेमा दुईपटकमा टुक्रा टुक्रा गरी खरिद गरेको छ। यस सम्बन्धमा आवश्यकताको आधारमा र भण्डारणको अभावमा दुईपटकमा सामान खरिद गर्नुपरेको पालिकाको भनाई रहेको छ। पालिकाले मालसमान खरिद गर्दा सार्जनिक खरिद नियमावली २०६४ को नियम ११ को अधिनमा रहि लागत अनुमान तयार गरी मात्र खरिद कार्य गर्नुपर्दछ।
- पालिकाले खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन। साथै खरिद झोलाहरू लेखापरीक्षण अवधिसम्म पनि सम्बन्धित बर्थिङ्ग सेन्टरमा मौज्दात रहेको पाइयो। अतः लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा हास आउने हुनाले नगरपालिकाले माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय न्यानो झोला खरिद गर्नेतर्फ ध्यान दिनुपर्छ ।

८३ **बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-२७** को निर्णयले रू **२७,४११** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

८४ **प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीयतहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत १८ वटा मध्ये १७ वटा वडामा १८ वटा योजना सञ्चालन गरी यस वर्ष १२० जनालाई औषत ६२.५ दिनले दिनको ७४९९ दिन रोजगारी उपलव्ध गराई रु ५००९३३२।- श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी कार्यान्वियन गर्नुपर्दछ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन।तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

८५ **वित्तिय साक्षरता कार्यक्रम**

संघिय सशर्त अनुदान तर्फ स्वीकृत सुरक्षित आप्रावासन सामी कार्यक्रम अन्तरर्गत वित्तिय साक्षरता कार्यक्रम अन्तरर्गत गो.भौ.नं.२०५-०३।०७ मा स्वस्तिका कार्कीको रु.२१३००० को पेश्की फछ्र्यौट गर्दा खर्च भई बाँकी रकम रु.१२९५० फिर्ता रकम संघिय सञ्चितकोष मा दाखिला गर्नु पर्नेमा नगरपालिकाको सञ्चितकोषमा दाखिला भएको देखिएकोले संघिय संञ्चितकोषमा दाखिला भएको प्रमाण पेश गर्ने रु.

प्रमाण पेश नगरेको	१२,९५०

८६ **औषधि खरिद**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा पच्चीस लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ। नगरपालिकाले ९४ प्रकारको औषधि तथा सर्जिकल सामानहरुको लागि तीन वटा सप्लायर्सबाट दररेट माग गरी त्यसको औषत दररेटको आधारमा मू.अ. कर समेत रु.४६,९८,१०० को लागत अनुमान तयार गरी २०८०।१०।२८ मा सूचना आह्वान गरेको पाइयो। सर्वदा मेडिको सप्लायर्स (६१२२६८४०७) ले मू.अ. कर समेत न्यूनतम ५९.६३ प्रतिशत BELOW रु.१८,९६,३८८ मा कबोल स्वीकारेको छ। साथै नगरपालिकाले बचत रकम रू.२६,६७,६१० र नगरपालिका चालु शिर्षकबाट रू.७,६७,६१० गरी पुनः रू.३४,३५,२२० को औषधि सर्वदा मेडिको फर्माबाट सोहि दररेटमा खरिद गरी भुक्तानी दिएको छ। यस सम्बन्धी देखिएको अन्य व्यहोराहरु निम्नानुसार छनः

८६.१ पालिकालके सुरूमा माग र खपतको आश्वयकता पहिचान गरी रू.४६९८१०० को लागत अनुमान तयार गरी औषधी खरिद गरेको छ। पछि न्युनतम कबोलमा औषधि खरिद हुँदा बाँकी रकममा रू.७६७६१० थप गरी पुनः रू.३४३५२२० को औषधि खरिद गर्दा आवश्यकता विष्लेषण गरेको र खरिद योजना बनाएको देखिएन। सुरूमै एकमुष्ट लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमबाट खरिद गरिसके पनि पुनः बचत बजेटबाट आवश्यकता नहुँदा पनि खरिद गरी स्वास्थ्य चौकिको भण्डारमा मौज्दात राखेकोले थप खरिदको औचित्य नदेखिएकोले यसलाई नियमित मान्न नसकिएको रू...

अनियमित भएको	३४,३५,२२०

८६.२

- औषधिको म्याद समाप्त मिति खुलाई उल्लेख गर्नुपर्ने र न्युनतम १८ महिना म्याद अवधि वाँकी रहनुपर्ने कानूनी व्यवस्था रहेकामा सो विषय सम्झौतामा उल्लेख नगरेको, औषधीको आपूर्ति पछि भुक्तानी अघि गुणस्तर र स्पेशिफिकेसन अनुसारको सामान भए नभएको मूल्याङ्कन समितको प्रतिवेदनको आधारमा यकिन गरी भुक्तानी दिनुपर्नेमा खरिद सम्झौतामै गुणस्तर र स्पेशिफिकेसन नतोकिएकोले गुणस्तर परीक्षण सम्बन्धी कार्य भएको देखिएन। मानवजन्य स्वावस्थयसँग गम्भीर सरोकार राख्ने औषधी आपूर्ती जस्तो विषयलाई गौण ठानी खरिद कार्य गर्नु उचित देखिएन । यस्तो खरिद कार्यमा सुधार हुनुपर्दछ ।
- निःशुल्क वित्तरणको लागि भनी औषधीको प्रत्येक स्ट्रिपमा उल्लेख गरी कारोवार गरेको छैन। आपूर्ति भएका औषधी एवंम् सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन।औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको ।

औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको छ।औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुनेगरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी मागको आधारमा स्वास्थ्य चौकीहरुमा हस्तान्तरण गरेको प्रमाणको आधारमा खर्च घटाउनु पर्दछ।

८७ **परामर्श सेवा**

सार्वजनिक खरिद ऐन २०६३ को दफा २९ मा सार्वजनिक निकायमा उपलब्ध जनशक्तीबाट कुनै काम हुन नसक्ने भएमा परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै दफा ३१ मा प्रस्ताव माग गर्ने र प्रस्तावदाताको काम सम्बन्धी अनुभव, परामर्शदाताले प्रस्तावित काम सम्पादन गर्ने मेथोडोलोजीको गुणस्तर, प्रस्तावित मुख्य जनशक्तिको योग्यता जस्ता मूल्याकंनको आधारहरु तोकेको छ । पालिकाले निम्नानुसारको परामर्श सेवाको खरिद गर्दा प्रतिस्पर्धा नगराई सोझै खरिद गरी खर्च लेखेको छ। पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो बेगर सोझै खरिद गरी खर्च गरेको देखियो । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा सम्बन्धित कार्य क्षेत्रको नम्श लगाई लागत अनुमान तयार गर्नुपर्नेमा सो बेगर बजेटको आधारमा दर माग गरी खर्च गर्दा खरिद प्रक्रिया मितव्ययी भएको छ भनी आश्वस्त हुन सकिएन सो सम्बन्धमा प्रमाण पेश गर्ने रु.

भौ.नं./मिति	**फर्मको नाम**	**विवरण**	**रकम**	**कैफियत**
९०८/३-२०	किरु इन्जिनियरिंग कन्सल्टेन्ट प्रा.लि.	Building and planning by-laws	रु.७४३५००	दाखिला नरहेको, रिपोर्ट पेश नभएको
३२२/३-२०	सेफ इन्जिनियरिंग कन्सल्टेन्सी प्रा.लि.	नगर यातायात गुरु योजना	रु.११८९३२५	सभा बाट पारित नभएको दाखिला नरहेको
२०९/२/२०	भिजन कन्सल्टेन्सी प्रा.लि.	खानेपानी वितरण आयोजनाको डीपीआर	रु.४४०७००	जिन्सी दाखिला नरहेको

प्रमाण पेश नगरेको	२३,७३,५२५

८८ **सामाजिक सुरक्षा तथा संरक्षण**

सामाजिक सुरक्षा तर्फ देखिएका व्यहोरा देहाय वमोजिम छन्।

८८.१

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को परिच्छेद ५ मा सामाजिक सुरक्षा भत्ता वितरण बैङ्कमार्फत गर्नुपर्ने व्यवस्था छ। कार्यविधिको दफा २६ मा कुनै आर्थिक वर्षमा सामाजिक सुरक्षा कार्यक्रमका लागि निकासा भएको रकम सो आर्थिक वर्षमा खर्च नभए संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ।नगरपालिकाले ११ वटा वैकबाट १८ वटा वडाको सामाजिक सुरक्षा वितरण वापत चौथो किस्ता सम्म जम्मा रु.२६७७२३११८।-निकासा दिएकोमा बैकहरु ले उपलब्ध गराएको रिर्भस फिड बाट रु.२६७७२९३५२।- वितरण भएको देखिएकोले वितरण गरि बाँकिरहेको रकम रु ६२३४ संघिय सञ्चितकोषमा फिर्ता गर्नु पर्ने रु.

प्रमाण पेश नगरेको	६,२३४

८८.२ **दोहोरो भत्ता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाको सामाजिक सुरक्षा सम्बन्धि अभिलेख भिडान गर्दा सुरेन्द्र मण्डल खत्वे (वडा सदस्य वडा नं १०) का जनप्रतिनीधी ले दोहोरो सुविधा लिएको पाईयो। यस विषयमा कार्यालयको भनाई अनुसार निजले वि सं २०७९ जेष्ठ २३ गते शपथ ग्रहण गरेको व्याक्तिले दोहोरो सुविधालिएको पाईएकोले उक्त जिम्मेवार पदाधिकारी वाट सामाजिक सुरक्षा वापतको रकम असुल गरी संघिय सञ्चितकोषमा दाखिला गर्नु पर्ने रु.

जनप्रतिनीधीको नाम	भत्ताको किसिम	बुवा आमाको नाम	नागरिकता नं	रकम	कैफियत
सुरेन्द्र मण्डल खत्वे	जेष्ठ नागरिक भत्ता	गुलाम मण्डल, फुलवा देवी	१७८९	१०४९३४	निजको सामाजिक सुरक्षाको बायोग्राफी अभिलेखमा र मतदाता नामावली को रेकड अनुसार सबै विवरण मिल्ने देखिन्छ।

असुल गर्नुपर्ने	१,०४,९३४

८८.३ **निष्कृय खाता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को अनुसूची ७ र ८ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormant) खाताको विवरण केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैंकले निष्क्रिय (Dormant) खाताको विवरण सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैंकले नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा (Dormant) खाताको विवरण नगरपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकिन गर्ने सकिएन ।कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैंकसँग (Dormant) खाताको विवरण मागि कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ।

८८.४ **पारदर्शिता**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३२ बमोजिम स्थानीय तहले लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पूरा गर्नुपर्ने प्रकृया सम्बन्धी स्थानीय सामाजिक संघसंस्था तथा गैर सरकारी संस्थाको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्ने र सो सम्बन्धी सूचना स्थानीय एफ.एम लगायत संचार माध्यमहरुबाट प्रचार प्रसार गर्ने र भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नामावली स्थानीयतहले आफ्नो वेभसाईटमा राख्ने व्यवस्था छ । यसवर्ष पालिकाले सो बमोजिम कार्य गरेको देखिएन्।

८८.५ **अनुगमन तथा निरीक्षण-**

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ बमोजिम मन्त्रालय, विभाग, प्रदेश मन्त्रालय तथा पालिकाका प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रकृयाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । सो बमोजिम नगरपालिकाले कसैले दोहोरो हुनेगरी र सरकारी सुबिधा लिने ब्यक्तीले भत्ता लिए नलिएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन दिनु पर्नेमा सो अनुसार प्रतिवेदन दिएको देखिएन।

८९ **कागजात/प्रमाण पेस गर्ने**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टी हुने बील भरपाई, प्रमाण कागजात संलग्न हुनुपर्दछ। पालिकाले खर्च लेखेको देहायका भौचर साथ् खर्च पुष्टि हुने कागजात संलग्न गरेको नदेखिएकोले पुष्ट्याई हुने प्रमाण कागजात पेस गर्ने रु.

सि.न.	गो भौ	भुक्तानी पाउने	बापत	रकम	कैफियत
१	३८६/१०-२३	वडा कार्यालय	मर्मत	२६३१८०	प्राविधिक मूल्यांकन पेश गर्ने
२	४०२/१०-२५	पाल मिडिया फाउन्डेसन प्रा.लि.	डकुमेन्ट्री	३८९८५०	दाखिला र प्रसारण प्रमाण पेश गर्ने
३	५६५/१२-०७	जय किशोर सिंह	कागजात नरहेको	१५००००	कार्यविधि र प्रमाण पेस गर्ने
४	६६३/१-३०	देव नाथ राय	बैठक भत्ता	१४१०००	माइन्युट र भरपाई पेश गर्ने
५	८७४/३-१८	सर्लाही कम्प्युटर	कम्प्युटर पार्ट्स	७९०००	जिन्सी दाखिला पेश गर्ने
६	९७६/३-२३	चक्र जनता शहिद गंगा उमाबी	नवप्रवर्तन साझेदारी कोष	७०००००	सम्पन्न प्रतिबेदन पेश गर्ने
७	९८०/३-२३	डोर हाजिर भुक्तानी		४०००००	निर्णय, पुष्ट्याई कागजात पेश गर्ने
८	१०६५/३-२४	युवा मिलन केन्द्र	कार्यक्रम	२०००००	प्रमाण, पुष्ट्याई कागजात पेश गर्ने
९	७४७/३-०५	सर्पदंश उपचार केन्द्र कर्मचारी	भत्ता	४२५०००	निर्णय, खटिएको हाजिरी
१०	९९१/३-२३	नरेन्द्र कुमार साह	TOD meter	१८२६८३	जिन्सी दाखिला पेश गर्ने
जम्मा				२९३०७१३	

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-२५** को निर्णयले रू **१४९,८२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **५०७,०५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **१८०,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-३** को निर्णयले रू **२००,२७२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **५६२,७०६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	२९,३०,७१३

९० **बढि भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बील भर्पाइ, प्रमाण र कागजात संलग्न हुनु पर्दछ। पालिकाले कृषकहरूलाई मोटर खरिद तथा वितरण कार्य र नगरपालिकाभित्र सोलार मर्मत तथा जडान कार्यमा देहायका सप्लायर्सहरूबाट सामग्री खरिद गरी वितरण तथा जडान गरेकोमा जिल्ला दररेट भन्दा बढि भुक्तानी दिएको पाइयो। बढि भुक्तानी रकम मूल्य अभिवृद्धि कर सहित सम्बन्धित सप्लायर्सहरूबाट असुल गर्नुपर्ने रू...

(सर्लाही जिल्लामा नभएकोले महोत्तरी जिल्लाको दररेट लिइएको छ।)

भौ.नं.।मिति	सप्लायर्सको नाम	सामग्री	संखय्या	जिल्ला दररेट	भुक्तानी दर	बढि भुक्तानी मू.अ. कर समेत
नगरपालिका पूँजिगत						
१६०-०८०।१२।२८	अन्या इनफोटेक प्रालि	2HP water pump	३१	१५५४०	२२५००	२४३८०९
१८४-०८१।१।३०	के.पी. सन्स् एण्ड सप्लायर्स प्रालि	40 watt solar light	२४	१६४८६.२	२७५००	२९८६९४
१६२-०८०।१२।२८	सुजल इन्टरप्राइजेज	2HP water pump	२५	१५५४०	२२६८२	२०१७६२
२१५-०८१।२।२२	सुजल ट्रेड कन्सर्न	2HP water pump	२९	१५५४०	२२५६६	२३०२४२
२३५-०८१।२।३१	ब्रदर्स मोटर पार्ट्स	2HP water pump	१६	१५५४०	२३५००	१४३९१७
३२४-०८१।३।२१	ब्रदर्स मोटर पार्ट्स	2HP water pump	७	१५५४०	२३५००	६२९६४
१७२-०८१।२।२७	सुजल इन्टरप्राइजेज	2HP water pump	२१	१५५४०	२६५५०	२६१२६७
सशर्त चालु						
१०३९-०८१।३।२४	लक्ष्मी नारायण कृषक समुह	2HP water pump	१	१५५४०	२३४९८	८९९३
नगर चालु						
	जम्मा बढि भुक्तानी					१४५१६४८

असुल गर्नुपर्ने	१४,५१,६४८

९१ **वडा तथा नगर स्तरीय फुटबल प्रतियोगिताको लागि खेलाडि छनौट**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (७) बमोजिम सरकारी निययबाट गरिने तालिम, कार्यक्रम तथा सेमिनार जस्ता कार्यक्रमको लागत अनुमान अधिकार प्रप्त अधिकारीबाट स्वीकृत हुनुपर्ने व्यवस्था छ।सोहि नियमावलीको नियम ३९(५) मा सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न गरेरमात्र खर्च गर्नुपर्दछ । त्यस्तै नियमावलीको नियम ३९(१०) बमोजिम जिम्मेवार व्यक्तिले सरकारी खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। नगरपालिकाले मिति २०८०।१।११ देखि ०८०।२।३० सम्म सञ्चालित फुटबल प्रतियोगिताको कार्यक्रमको लागि वडा स्तरीय खेलाडि छनौटको लागि रू.४,९७,००० र नगर स्तरीय खेलाडि छनौटको लागि रू.४,९७,००० गरी कुल रकम रू.९,९४,००० (रू.४,००,००० नगर चालु शिर्षकबाट) भौ.नं.२४-०८०।७।१ बाट खेलकुद विकास समितिलाई भुक्तानी दिएको छ। उक्त कार्यक्रमको लागि समितिले लागत अनुमान तयार नगरेको तथा पालिकाबाट कार्यक्रम स्वीकृत नगरेको पाइयो। कति वटा टिमलाई सहभागी गराउने निर्णय बेगर समितिले

खेलकुद कार्य सम्पादन गरी खर्च गरेको र लेखापरीक्षणमा उक्त खर्च नियमानुसार भएको हो पुष्टि नभएकोले नियमसम्मत भएकोमा यकिन नभएको रु.

अनियमित भएको	९,९४,०००

९२ **बीमा तथा नवीकरण**

सार्वजनिक निकायले सवारी साधनहरुको विमा गरी राख्नुपर्ने व्यवस्था छ। पालिकाले सवारी साधनको विमा तथा नविकरणमा रु १५ लाख खर्च गरेको छ। तर पालिकाको सवारी साधनमा तोडफोड र आन्दोलनका कारण क्षति पुगेकोमा सो विमा क्लेम गरी इन्सुरेन्स कम्पनीबाट क्षतिपुर्तिको रकम लिएको देखिएन। पालिकामा निजी सवारी साधन समेत कर्मचारीले प्रयोग गर्ने हुदाँ कति सवारीको विमा गरिएको हो सोको वस्तविक संख्या लेखापरीक्षणका क्रममा पेश नभएकाले एकिन गर्न सकिएन। पालिकाले समयमै विमा तथा नविकरण गरी सार्वजनिक सम्पतिको संरक्षण गर्नुपर्दछ।

९३ **वडा सञ्चालन खर्च**

सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ। सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(८) मा आपूर्तिकर्ता, निर्माण व्यवसायी, सेवा प्रदायक वा परामर्शदातालाई २५ हजार रुपैंयाभन्दा बढी रकम भुक्तानी गर्दा एकाउन्टपेयी चेकको माध्यमबाट भुक्तानी गर्नुपर्ने व्यवस्था छ। कार्यालयले उल्लेखित व्यवस्थाको पालना नगरी १८ वडामा २०८० साउन देखि २०८१ अषाढ सम्म मासिक रु. २०,००० का दरले कुल रु. ४३,२०,००० वडा संचालन खर्च बापत वडा सचिवलाई चिया, नास्ता तथा विविध खर्चको बिल संलग्न गरी सोधभर्ना भुक्त्तानी गरेको देखिन्छ। सम्बन्धित आपूर्तकलाई सोझै भुक्तानी नगरेको, वडा संचिव मार्फत भुक्तानी भएको देखिदाँ वडा खर्च संचालन गर्ने स्पष्ट मापदण्ड बनाइ मितव्ययी तवरले खर्च गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ।

९४ **अनुगमन भत्ता**

मधेश प्रदेशका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुबिधा सम्बन्धी कानून २०७७ को नियम८(१) मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले आफ्नो क्षेत्रभित्र स्थानीयतहले संचालन गरेका आयोजना/कार्यक्रम अनुगमन गरे बापत बढीमा तीन पटक सम्मको अनुगमन भत्ता पाउने र ८(२)मा सो भत्ता रकम माग गर्दा अनुगमन प्रतिबेदन लाई समेत आधार बनाइने भनिएको छ।पालिकाले गतवर्षको १७ दिनको गो भौ ७१८/२-२९ बाट रु.१३००५०र गो भौ ९७७/३-२३ यस वर्षको ३५ दिनको रु.२२३१२४(कर बाहेक) बृजेश कुमार साहलाई शोधभर्ना दिएकोमा सो साथ अनुगमन प्रतिबेदन संलग्न छैन।अनुगमन प्रतिबेदन बेगर अनुगमन भएको हो होइन यकिन गर्न सकिएन। योजनागत अवस्था र कैफियत/सुझाव सहितको अनुगमन प्रतिबेदन पेश गर्नुपर्ने अन्यथा सम्बन्धित संग असुल गर्ने रु

अनुगमनकर्ता	पद	गत वर्ष	यस वर्ष	जम्मा
राम बाबु प्रसाद साह	उपमेयर	रु.२१६७५	रु.३७१८७	रु.५८८६२
ऋद्धि प्रकाश सिटौला	प्रमुख प्रशासकीय	-	रु.३७१८७	रु.३७१८७
मदन कुमार थापा	प्रमुख प्रशासकीय	रु.२१६७५	-	रु.२१६७५
दिपक लामा	इन्जिनियर	रु.२१६७५	रु.२९७५०	रु.५१४२५
राकेश कुशवाह	योजना शाखा	-	रु.२९७५०	रु.२९७५०
बृजेश कुमार साह	सब इन्जिनियर	रु.२१६७५	रु.२९७५०	रु.५१४२५
राजेश कुमार साह	योजना इन्जिनियर	रु.२१६७५	-	रु.२१६७५
सोवित लाल यादव	अ.सब.इन्जिनियर	-	रु.२९७५०	रु.२९७५०
सिपेश मण्डल	अ.सब इन्जिनियर	-	रु.२९७५०	रु.२९७५०
				रु.३३१४९९

(✂ ….. कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-३०** को निर्णयले रू **२१,६७५** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	३,३१,४९९

९५ प्रोत्साहन भत्ता

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। स्थानीय तहले कानुन तथा कार्यविधि नबनाई रु १८,९९,३७२ प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको छ, जुन पालिकाको आन्तरिक आय रु १,९८,४२,५५६ को ९.५७ प्रतिशत हुन आउने देखिएकोले आन्तरिक आयलाई मध्यनजर गरी मापदण्ड वनाएर कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ।

९६ नेपाल नगरपालिका संघलाई अनुदान

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहले कुनै व्याक्ति वा संस्थालाई आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिँदैन। यस्तो आर्थिक सहायता वितरण गर्दा पालिकाले कार्यविधि तयार गरी सोही अनुसार वितरण गर्नुपर्नेमा सो समेत नगरी कार्यपालिकाको निर्णयका आधारमा नेपाल नगरपालिका संघलाई रु ५,००,००० भुक्तानी दिएको देखिन्छ। पालिकाले कार्यविधि तथा मापदण्ड तयार गरी आर्थिक सहयोग र अनुदान वितरण गर्ने र सो उपयोगको सुनिश्चितता हुने गरी अनुगमन प्रतिवेदन पेश गर्नुपर्दछ।

९७ कानूनी सल्लाहकार

स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐन, २०७७ मा पदाधिकारीहरूको लागि स्वकीय सचिव र सल्लाहकार राखी पारिश्रमिक दिने व्यवस्था छैन। संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालयको २०७७।११।२५ को परिपत्र अनुसार मापदण्ड बनाई यस्तो खर्च लेख्ने उल्लेख गरे तापनि सो अनुसार मापदण्ड बनाएको देखिएन। नगरपालिकाले यो वर्ष महेश प्रसाद बराललाई कानूनी सल्लाहकार नियुक्ति गरी तलव भत्ता वापत मासिक रु ४३,६८९ का दरले कुल रु ५,९५,७७७ पारिश्रमिक भुक्तानी दिएको छ। न्यायिक समितिमा कानूनी सल्लाहका लागि नियुक्ति गरिएको कार्यालयको भनाइ रहेको छ। सल्लाहकार नियुक्ति गर्दा स्पष्ट कार्यविवरण बनाई सोको मुल्याङ्कनको आधारमा भुक्तानी दिने व्यवस्था गर्नुपर्ने देखिन्छ।

९८ **नन्फाइलर**

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ। तर पालिकाबाट उपभोक्ता समिति मार्फत भुक्तानी भएका देहायका फर्मलाई मू.अ.कर रू.२७,७३,०८३ समेत रू.२,४२,३८,१५६ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरू कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो। पालिकाले भुक्तानी दिदा कानूनी व्यवस्थाअनुसार मू.अ. कर समायोजन गरेको प्रमाण यकिन गरेर मात्र भुक्तानी दिनुपर्दछ।

भौ.नं.।मिति	भुक्तानी पाउनेको नाम	पान नम्बर	नन्फनइलर रहेको मिति	भुक्तानी रकम	मू.अ. कर रकम
२-०८०।६।३०	चार्ल्स बिल्डर्स प्रा.लि.	६०९७७९३७४	2080/T/1	९६६२८५	१११९६५
५-०८०।६।३०	एस आर कन्सट्रक्सन	६०१८९४२९७	2080/T/3	९७२०१७	१११८२५
६-०८०।६।३०	प्रिसा निर्माण सेवा प्रा.लि.	६०९५१९२१९	2080/T/2	९६१८६०	११०६५६
९-०८०।६।३०	गजमुखाय निर्माण सेवा प्रा.लि.	६१०४२४६६७	2080/T/2	९६७९६६	१११३५९
१०-०८०।६।३०	एस.आर. कन्सट्रक्सन	६०१८९४२९७	2080/T/3	६८३६१२१	७८६४५६
१२-०८०।७।१	आर.के.ट्रेडिङ्ग कन्सर्न	६१७७४५५९२	2079/M/12	८७५३६०	८५३६०
१४-०८०।७।१	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	३१३३४९०	३६०४९०
१६-०८०।७।१	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	४७३३७११	५४४५८६
६२-०८०।७।२३	बरहथवा कन्सट्रक्सन प्रा.लि.	६०६६६४३७४	2080/T/2	१०३७९०५	११९४०५
२०९-०८१।२।२०	भिजन कन्सल्टेन्सी एण्ड सप्लायर्स	६१०३७२४७०	2080/T/2	४४०७००	५०७००
२८१-०८१।३।१६	सम्वाला निर्माण सेवा	६२०४३१३८१	2080/M/10	४६०६६७	५२९६७
२९९-०८१।३।१८	एस एम कै लाइट कन्सट्रक्सन प्रालि		2080/M/1	२३५५४८५	२७०९८५
६९५-०८१।२।१६	भरोसा नेपाल	६१८६६३५२१	2080/M/9	४९६५८९	५७१२९
	जम्मा रकम			२४२३८१५६	२७७३०८३

९९ **बिल भरपाईका भरमा भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२** को निर्णयले रू **४१,२३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-८-२** को निर्णयले रू **५४,४३२** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

१०० **दरबन्दी बेगर नियुक्ति**

दरबन्दी बाहिरको पदमा नियुक्ति: पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन गरी सोहि बमोजिम मात्र कर्मचारी नियुक्ती गर्नुपर्दछ।पालिकाले गो भौ १००३/३-२४ बाट फूटबल कोच अशोक कुमार चौधरी रु.१८०००० र गो भौ १०२२/३-२४ बाट न्यायिक समिति सचिवालय सहयोगी तेज नारायण महतोलाई रु.२४२३४१ खर्च लेखेको छ।स्वीकृत दरबन्दी भन्दा बाहिर गरेको नियुक्ति र खर्च नियम संगत देखिएन रु.

अनियमित भएको	४,२२,३४१

१०१ **तालिम खर्च**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-७-३०** को निर्णयले रू **४५,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

१०२ **व्याक्तिमार्फत भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४९ मा बिक्रेताबाट सोझै मालसमान खरिद गर्न नसकिने भएमा कार्यालयको कर्मचारीलाई पेश्की दिई पठाउनु पर्ने व्यवस्था छ। त्यस्तै सुत्र प्रणालीमार्फत कारोबार गर्दा इलेक्ट्रोनिक फण्ड ट्रान्सफर विधि पनि शुरु भैसकेको भएतापनि पालिकाले निम्नानुसार खर्च भुक्तानी गर्दा सम्बन्धित संस्था/फर्मलाई भुक्तानी नदिई व्यक्ति मार्फत भुक्तानी गरेको पाइयो। यसरी खर्च भुक्तानी गर्ने प्रवृत्तिमा सुधार गरी कारोबार भएकै संस्था वा फर्मलाई नै भुक्तानी गर्नुपर्दछ। केही उदाहरण निम्नानुसार छनः

गो.भौ.नं. र मिति	व्याक्ति	प्रयोजन	रकम
९५२/०३।२२	गोविन्द राय	मसलन्द तथा कार्यालय सामग्री	१,२०,०००
	लक्ष्मण श्रेष्ठ		१,२०,०००
८२८/०३।१७	राम भगवत दास	विविध खर्च	९२,८१०

१०३ **नर्म्स पालना** (१००४-२०८१-३-२४):

स्थानीय तहले तालिम, गोष्ठी, अभिमुखीकरण संचालन गर्दा प्रदेश खर्च मापदण्ड निर्देशिका २०७७ ले निर्धारण गरे बमोजिम संचालन गर्नुपर्दछ । पालिकाले कार्यक्रम खर्च भनि हिपात महिला सेवा समाजलाई रु.४९६००० भुक्तानी गरेकोमा खर्च साथ आफ्नो फर्मको बीजक जारी नगरी फुटकर बील पेस गरी भुक्तानी लिएको देखिन्छ।गैर आवासीय कार्यक्रममा खान र खाजा को बील पेश भएको छ भने प्रशिक्षक लाई रात्रीबास रु.३२०००, प्रशिक्षक खाना खाजा रु.१६०००, प्रतिबेदकरु७५०००, बिबिध खर्च १००००, होर्डिंग बोर्ड तयारी रु.१५००००, जडान ६वटा रु.५००० को दरले रु.३०००० लगायतका खर्च सामेल देखिन्छ। प्रदेश खर्च मापदण्ड निर्देशिकाले व्यवस्था गरेको भन्दा बढी खर्चको लागि प्रयोग गरेको नर्म्स, ल.ई. को आधार, आफ्नै संस्थाको बीजक लगायतका विवरण पेस गर्ने रु.

प्रमाण पेश नगरेको	४,९६,०००

१०४ **नगरसभा**

पालिकाले गो भौ १०९३/३-३१ बाट रु.१०००००० र अर्को एक भौचर बाट रु.९००००० खर्च गरको देखिन्छ ।सो खर्चमा तीन दिन सम्म सभा चलेको भनि जनप्रतिनिधिलाई ३ दिनको र सबै कर्मचारीलाई २ दिनको बैठक/यातायात भत्ता भरपाई संलग्न छ भने सभामा उपस्थित सबैलाई खाजा खाना लगायत अन्य शिर्षकका बील भरपाई राखिएका छन। भौचर साथ उपस्थिति भरपाई नरहेकोले के कति सहभागी उपस्थित थिए भनि यकिन गर्न सकिएन ।पालिकाले आफ्नो स्रोत उत्पादनमूलक क्षेत्रमा परिचालनमा जोड दिंदै यस्ता खर्च नियन्त्रण गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

१०५ **कर्मचारी नियुक्ति**

पालिकाले संगठन तथा व्यवस्थापन सर्वेक्षण को माध्यमबाट बास्तविक आवश्यक दरबन्दी एकिन गरी सोहि बमोजिम मात्र कर्मचारी नियुक्ती गर्नुपर्दछ।पालिकाले दरबन्दी अनुसार नियुक्ति नगरी वडाको पटके सिफारिसका आधारमा डोर हाजिर संलग्न गरी पारिश्रमिक भुक्तानी गरेको देखियो। सबै कर्मचारीको व्यवस्थित विवरण र अभिलेख सहित पारिश्रमिक हुनुपर्नेमा पटक पटक भुक्तानी हुँदा एकातर्फ जम्मा कर्मचारी यकिन गर्न सकिएन भने भुक्तानी रकम दोहोरो पर्न सक्ने जोखिम समेत देखियो । पालिका संग कार्यरत कर्मचारीको एकीकृत विवरण माग हुँदा वडामा खटिने ज्यालादारी कर्मचारीको अभिलेख प्राप्त भएन ।वडाहरुले आफैले खटन पटन गराई हाजिर प्रमाणित गरेर पठाएपछि भुक्तानी दिने गरिएको पालिकाको भनाई रहेको छ।जनशक्ति परिचालन स्वीकृत दरबन्दीको अधीनमा रही

कर्मचारी प्रशासन शाखा मार्फत गरिनुपर्नेमा सो विषयमा सम्बन्धित शाखा संग अधावधिक अभिलेख नरहनु र भुक्तानी गरिएका पारिश्रमिक समेत एकै पटक ३ महिना देखि ६ महिना सम्म हुने गरेकोले ति भुक्तानी वास्तविक नै रहेको भनि आश्वस्त हुन सकिएन। पालिकाले स्वीकृत दरबन्दी भित्र रहेर व्यवस्थित अभिलेख राखी मात्र जनशक्ति परिचालन एवम खर्च लेखांकन गर्नुपर्दछ।

१०६ **सोलार बति तथा सडक बति जडान/मर्मत कार्य**

आर्थिक कार्यविधि तथा वित्तीय उतरदायित्व नियमावली,2077 को नियम 39 को 5 मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्न बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ। पालिकाले विभिन्न वडाहरूमा सडक बति जडान गरेकोमा उक्त कार्यको लागि लागत अनुमान नबनाई कोटेशन प्रक्रियाबाट खरिद/जडान गरी भुक्तानी दिएको छ । स्रेस्ता परीक्षण गर्दा उक्त कार्यको लागत अनुमान बनाएको छैन साथै गुणस्तर परीक्षण सहितको प्राविधिक मूल्याङ्कन संलग्न नगरेकोले उक्त कार्य गुणस्तरयुक्त रहेको आश्वस्त हुन सकेन। तसर्थ पालिकाले प्रतिस्पर्धा सिमित हुनेगरी एकमुष्ट लागत अनुमान तयार नगरी टुक्रा टुक्रामा खरिद गरेकोले नियमित गराई सम्बन्धित प्राविधिकबाट Quality and specification को परीक्षण समेतको लागत अनुमान, नापी किताब, कार्यसम्पन्न प्रतिवेदन र अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने रू...

भौ.नं.।मिति	सप्लायर्सको नाम	कामको विवरण	भुक्तानी रकम
२७३-०८१।३।१५	स्मार्ट सोलार प्रा.लि. (६०२४०३०९२)	वडा नं.७ मा सडक बति जडान	५९४०६३
१२०-०८०।११।२९		सोलार सामग्री खरिद तथा जडान कार्य	९६८०४०
२७१-०८१।३।१५	मास सप्लायर्स (६१८७२२२७५)	वडा नं.६ को ग्रामिण सडक तथा वस्तिमा सोलार बति जडान कार्य	४९५२२२
८७-०८१।१।३०	अविष्कार इनर्जी प्रा.लि.ल (३०५१७११७५)	टावर लाइट मर्मत तथा सम्भार कार्य	९४७००५
१८४-०८१।१।३०	के.पी. सन्स् एण्ड सप्लायर्स प्रालि (६१०४५४७९०)	नगरपालिकाभित्र सोलार मर्मत तथा सम्भार	७९२९८८
	जम्मा रकम		३७९७३१८

प्रमाण पेश नगरेको	३७,९७,३१८

१०७ **नवीकरणीय उर्जा**

नविकरणीय उर्जा अनुदान निति,२०७८ को ११.5.1 मा घरायसी वायो प्लान्टहरुमा प्रतिप्लान्ट प्रती घरधुरी 6 घनमिटर क्षमता वा सो भन्दा बढी क्षमताको प्लान्टमा तराईको जिल्लामा रु.२८८००।– अनुदान दिने उल्लेख छ ।पालिकाले गो भौ ५/१२-०२ बाट आर एस एस वैकल्पिक उर्जा विकास प्रा.लि.लाई रु.४४४०० का दरले १८ सेटको लागि रु.७९९२०० भुक्तानी गरेको छ । कार्यविधिले निर्धारण गरेको भन्दा बढी दरले गरेको भुक्तानी उचित देखिएन । सम्बन्धित संग असुल गर्ने रु.

असुल गर्नुपर्ने	२,८०,८००

१०८ **श्रेस्ता पेश नभएको**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ मा खर्च गर्दा खर्च पुष्टयाई हुने कागजात समेत संलग्न हुनु पर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ४१ मा सरकारी रकम खर्च गर्दा आर्थिक कारोबार प्रचलित कानुन बमोजिम भएको र खर्चको लागि आवश्यक प्रमाण पुगेको यकिन गर्नुपर्ने उल्लेख छ। तर नगरपालिकाले देहायका भौचरबाट भुत्तानी दिएको विल भरपाई लेखापरीक्षणका क्रममा नमुना परीक्षण गर्दा पेश नभएकाले सो सम्बन्धमा आश्वस्त हुन सकिएन। सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

मिति	रकम	भुक्तानी पाउने	सेस्ता पेश नभएको
४६/ ०७।०२	२,८९,१५०	एस.के. इलेक्ट्रोनिक्स	१,२५,५२९
८०/ ०७।१९	४९,७०००	दलित सेवा नेपाल	४,९७,०००
जम्मा			६,२२,५२९

(✂ ….. कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **२०,३०७** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	६,२२,५२९

१०९ पेश्कीको विवरण

१०९.१ चालु आवको व्यक्तिगत पेश्की

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फस्र्यौट सम्बन्धि व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार चालु आ.व.मा देहायका निर्माण कर्मचारीहरूको पेश्कीको म्याद समाप्त भएकोले उपरोक्त नियमानुसार समयमै फस्र्यौट हुनुपर्ने रू..

सि.नं.	नाम	वापत	रकम
1.	पप्पु कुमार साह	गरिबी निवारण	१८६२८२
2.	श्याम कुमार यादव	कार्यक्रम खर्च	६२५०००
	जम्मा पेश्की रकम		८११२८२

पेश्की	८,११,२८२

१०९.२ म्याद नाघेको पेश्की विवरण (सुत्रः म.ले.प.फा.नं. २११ अनुसार)

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फस्र्यौट सम्बन्धि व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार चालु आ.व.मा देहायका निर्माण व्यवसायीको मोबिलाईजेशन पेश्कीको म्याद समाप्त भएकोले उपरोक्त नियमानुसार समयमै फस्र्यौट हुनुपर्ने रू...

सि.नं.	निर्माण व्यवसायीको नाम	कार्य विवरण	पेश्की रकम	कैफियत
१	खम्पाचे विराट जे.भि.	लखनदेही झोलुङ्गे पुल	२२०००००	पालिकाले सूत्र बाहिरबाट भुक्तानी गरेको पेश्कीको अध्यावधिक अभिलेख राखेको देखिएन। सूत्र बाहिरको पेश्कीको अभिलेख पालिकाले गरी राख्नुपर्दछ।
२	डाइनामिक केबिसि साहिल जेभि	अन्य सार्वजनिक निर्माण	९०००००	
	जम्मा पेश्की रकम		३१०००००	

पेश्की	३१,००,०००

१०९.३ कर्मचारी पेश्कीः आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फस्र्यौट सम्बन्धि व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार चालु आ.व.मा देहायका निर्माण कर्मचारीहरूको पेश्कीको म्याद समाप्त भएकोले उपरोक्त नियमानुसार समयमै फस्र्यौट हुनुपर्ने रू...

क्र.सं.	कर्मचारीको नाम	पद	वापत	रकम
1.	अरूण कुमार सिंह	अ.छैठौ	खाद्यन्न बाली बीऊ	७३४००
2.	गोविन्द राय	सहायक पाँचौ	जनप्रतिनिधि भ्रमण	९०००००
3.			कर्मचारी तालिम	५०००००
	जम्मा पेश्की			१४७३४००

पेश्की	१४,७३,४००

१०९.४ **संस्थागत (गत वर्षको) पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा पेश्की फस्र्यौट सम्बन्धि व्यवस्था रहेको छ। पालिकाले उपलब्ध गराएको विवरण अनुसार चालु आ.व.मा देहायका निर्माण कर्मचारीहरूको पेश्कीको म्याद समाप्त भएकोले उपरोक्त नियमानुसार समयमै फस्र्यौट हुनुपर्ने रू..

सि.नं.	नाम	वापत	रकम
1.	प्राथमिक स्वास्थ्य केन्द्र	स्थानीय तहमा आमा सुरक्षा कार्यक्रम	९०८१९०
2.	नेपाल विद्युत प्राधिकरण	विद्युतिकरण सम्बन्धी विभिन्न कार्यक्रम	७४५००००
	जम्मा पेश्की रकम		८३५८१९०

पेश्की	८३,५८,१९०

११० **गत वर्षको पेश्की विवरण**

११०.१ **संस्थागत (गत वर्षको) पेश्की**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्धारित समयभित्र पेश्की फस्र्यौट हुन नसके सार्वजनिक निकायले निजबाट त्यस्तो पेश्की रकमको १०% ले ब्याज समेत असुल उपर गर्नपर्ने व्यवस्था छ। पालिकाबाट देहायका कर्मचारीहरूले गत विगत वर्षबाट नै रू.४८,५८,२१२ पेश्की लिएकोमा चालु आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फस्र्यौट गरेको नदेखिएकोले निजहरूबाट ब्याज समेत असुल गरी पेश्की फस्र्यौट गर्नुपदर्छ।

सि.नं.	नाम	वापत	रकम
1.	आधारभुत विद्यालय आनन्दनगर, टाँडी	पूर्वाधार निर्माण	३०००००
2.			२५००००
3.	जनहित मलभोगियत मूनिलाल मावि	पूर्वाधार निर्माण	२५००००
4.	स्मारिका प्रावि सीतापुर	पूर्वाधार निर्माण	१२५००००
5.	प्राथमिक स्वास्थ्य केन्द्र	आमा सूरक्षा कार्यक्रम	१०३७४५२
6.		आमा सूरक्षा कार्यक्रम	१२३४८१८
7.		मातृ तथा नवशिशु कार्यक्रम	५३५९४२
	जम्मा पेश्की रकम		४८५८२१२

११०.२ **गत वर्षको पेश्की (व्यक्तिगत पेश्की)** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को परिच्छद ५ र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११३ मा निर्धारित समयभित्र पेश्की फर्स्यौट हुन नसके सार्वजनिक निकायले निजबाट त्यस्तो पेश्की रकमको १०% ले ब्याज समेत असुल उपर गर्नपर्ने व्यवस्था छ। पालिकाबाट देहायका कर्मचारीहरूले गत विगत वर्षबाट नै रू.३३,९०,०५९ पेश्की लिएकोमा चालु आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फर्स्यौट गरेको नदेखिएकोले निजहरूबाट ब्याज समेत असुल गरी पेश्की फर्स्यौट गर्नुपदर्छ।

सि.नं.	नाम	वापत	रकम
1.	अरूण कुमार सिंह	कृषि विकास कार्यक्रम	१०००००
		तरल नाइट्रोजन ढुवानी	१५००००
		पशु विकास कार्यक्रम	१८००००
2.	प्रमोद राय	विविध खर्च	३५००००
3.	भुपनारायण अधिकारी	स्यानेटरी प्याड	२४२७०००
4.	रामप्रवेश महतो	सवारी साधन मर्मत ३ पटकको लागि	१८३०५९
	जम्मा पेश्की		३३९००५९

११०.३ **गत वर्षको कर्मचारी पेश्कीः** उपरोक्त नियमावलीको नियम ११३ मा निर्धारित समयभित्र पेश्की फर्स्यौट हुन नसके सार्वजनिक निकायले निजबाट त्यस्तो पेश्की रकमको १०% ले ब्याज समेत असुल उपर गर्नपर्ने व्यवस्था छ। पालिकाबाट देहायका कर्मचारीहरूले गत विगत वर्षबाट नै रू.२२७०००० पेश्की लिएकोमा चालु आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको अवधिसम्म पनि फर्स्यौट गरेको नदेखिएकोले निजहरूबाट ब्याज समेत असुल गरी पेश्की फर्स्यौट गर्नुपदर्छ।

क्र.सं.	कर्मचारीको नाम	पद	वापत	रकम
1.	राम ईश्वरी राय	सहायक पाँचौ	बिमा तथा नविकरण	५०००००
2.				५०००००
3.			विविध कार्यक्रम	२०००००
4.			सभा सञ्चालन	५०००००
5.	सचिता गिरी	स.म.वि.नि.	आयोजना सम्बन्धी अभिमुखिकरण	४७००००
			तथ्याङ्क संकलन	१०००००
	जम्मा पेश्की			२२७००००

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : बरहथवा नगरपालिका, सर्लाही , बरहथवा नगरपालिका , सर्लाही

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	ऋद्धि प्रकास सिटौला	२०८०-६-१७	हाल सम्म कार्यरत
लेखा प्रमुख	नर्वेश राय	२०७७-४-१	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
७,१९१,९२१	९,८६२,०५१	३६,८२८,१८७	०	०	१३,७४२,८७२
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					६७,६२५,०३१
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					८,७५०,६६०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					५८,८७४,३७१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		१०२३८३५८१	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	४३५५४९१४६	चालु खर्च	४७५२४८२३२
प्रदेश सरकारबाट अनुदान	१५५५१४९६	पूँजीगत खर्च	२१४०८९३४५
राजश्व बाँडफाँट	१५९१०२२८७	वित्तीय/अन्य व्यवस्था	२८२८३८६२७
आन्तरिक आय	३८३७३११३		
अन्य आय	२८११६१४७६		
कुल आय	९२९७३७५१८	कुल खर्च	९७२१७६२०४
बाँकी मौज्दात		५९९४४८९५	

सुझाव

स्थानीय तहहरूद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ।
- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा कतिपय प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ। पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ। अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ। यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुनपर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ।

- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजू बारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ। तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।

- आन्तरिक लेखापरीक्षण नुहने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ। पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।